# परिच्छेद एक : परिचय

## १.१ ”अध्ययनको पृष्ठभूमि

मानवसभ्यताको विकास, विस्तार एवम् सम्बर्द्धनका लागि मानवले सिर्जना गर्दै आएको र पुनः निर्माण गर्दै आएको मुख्य साँचो नै शिक्षा हो जसले प्रारम्भदेखि आजसम्म मानव समुदायमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । शिक्षाको अभावमा मानवजगत् पशु संसार बन्दछ । मानव सभ्यताको इतिहासको विकास एवम् आधुनिक प्रकारको शिक्षा पद्धतिको विकास विगतको अनुभवबाट नै सिर्जना भएको हो । सभ्यताको प्रारम्भिक कालमा आपसी सहयोग, सद्भाव, आत्मसंरक्षणका लागि आवश्यक हुन गयो । त्यसै अवस्थामा मानिसले आफूले जानेका सीप नयाँ पुस्तालाई सिकाउने काम पनि गर्दै आए । यसरी शिक्षाले नै मानव सभ्यताको संरक्षण एवम् सञ्चित मानव ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै आएको हो । प्रारम्भमा समाजमा सामान्य जीवन बिताउन आवश्यक शिक्षा घर परिवारबाट प्राप्त हुन्थ्यो । हजारौं वर्षसम्म निरन्तर चलिरहने मानव समाजको विकासको गतिमा सोह्रौं शताब्दीतिर युरोपमा भएका केही क्रान्तिकारी घटनाहरूले व्यापक परिवर्तन ल्याइदिए (वाग्ले र ढकाल २०६०) ।

नेपालमा प्राथमिक शिक्षाअन्तर्गत सामाजिक शिक्षा विषय पठनपाठनमा आउने गरेको पाइन्छ । नेपालको उन्नति सभ्यता र शैक्षिक परम्पराको चर्चा गर्दा मुख्य दुई धारहरू देखाइएका छन् । यी दुई धारमा वैदिक धर्मबाट अनुप्राणित शिक्षा परम्परा र बुद्ध धर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा रहेका छन् । यसमा बुद्ध धर्मबाट अनुप्राणित बौद्ध परम्पराले सभ्य समाजको परिकल्पना गर्दछ जसबाट समाजलाई सामाजिक शिक्षाको मार्गनिर्देशन हुन्छ । प्राचीन शिक्षामा देवकुल शिक्षा थियो जसले पूजा र प्रार्थना सिकाउने गर्दथ्यो । अर्को परम्परा राजकुल परम्परा थियो जसले राजनीति सिकाउँथ्यो । यस राजकुलभित्र सामाजिक चेतनाका विषयहरू जस्तैः अर्काको भावनाको कदर गर्ने, समाजको भलो हुने काम गर्ने जस्ता विषयहरू सिकाइन्थे । अर्को परम्परा पितृकुल परम्परा थियो जसले मुलुक र पुर्खाको इतिहास सिकाउने काम गर्दथ्यो । यसभित्र पठन पाठन हुने इतिहासलाई विकास गर्दै लगेर अहिलेको इतिहास विषय निर्माण गरिएको छ जसको सम्बन्ध सामाजिक अध्ययनसँग प्रत्यक्ष रहेको छ । यस प्रणालीभित्र गुरुकुल परम्पराले पश्चिमी प्रणालीको चलन नचलेसम्म आफ्नो स्थापित परम्परालाई कायम राखेको पाइन्छ । अहिलेको जस्तो परीक्षाको प्रचलन गुरुकुल

परम्परामा थिएन, धनवान् व्यक्तिहरूले गुरुहरूलाई आर्थिक सहयोग पुग्ने गरी अक्षयकोष स्थापना गरिदिन्थे यसबाट समुदाय र सामुदायिक भावनाको प्रारम्भ भएको मानिन्छ (सुब्बा र अन्य, २०४०) ।

फ्रान्सको क्रान्ति, युरोपको राष्ट्रवादको विकास तथा औद्योगिक क्रान्तिहरूले विश्व जीवन पद्धति एवम् राज्य पद्धतिमा प्रभाव पर्न गयो । विज्ञान र प्रविधिको विकासको कारणले युरोपेली देशहरू एशिया, अमेरिका र अफ्रिकामा उपनिवेश बनाउन सफल भए । विश्व इतिहासको करिब दुई तीन शताब्दीसम्म संसारका धेरै मुलुकहरू उपनिवेशवादको इतिहास क्रान्तिको लहर विश्व इतिहासको अर्को परिच्छेदका रूपमा देखा पर्न गयो । उपनिवेशका धनी देशहरूमा सबैजसो युरोपेली देशहरूमा प्रजातान्त्रिक शासन पद्धति भएको हुँदा उपनिवेश देशहरूमा पनि सोही पद्धतिको प्रभाव पर्‍यो । मुद्रण कलाको विकास तथा कागजको उपलब्धिले गर्दा युरोपेली र यो चलन उपनिवेश देशहरूमा पनि फैलियो । नेपालको छिमेकी देश भारत तथा एशियाका धेरै मुलुकहरू ब्रिटिश साम्राज्यमा परेका कारणले गर्दा यी देशहरूमा बेलायती शैक्षिक पद्धतिले प्रभावित शिक्षा प्रणालीको नक्कलको रूपमा आधुनिक प्राथमिक शिक्षाको सुरुवात भएको मानिन्छ (वाग्ले र ढकाल २०६०) ।

एकताको सशक्तीकरणका लागि शिक्षाको महत्त्व धेरै मात्रामा आवश्यक पर्दछ । एउटा शिक्षा पाएकी महिलाले आत्मनिर्भर हुने, लिङ्ग भेदका विरुद्ध भिड्ने क्षमता आर्जन गर्ने कुरा बताइएको छ । शुल्क बिना दिइने प्राथमिक शिक्षा नै प्राथमिक तहको शिक्षा हो जसमा कुनै पनि सरकारी विद्यालयमा विद्यार्थीले शुल्क विना नै पढ्ने व्यवस्था मिलाइएको हुन्छ । सामाजिक दृष्टिले शिक्षा एक सामाजिक प्रक्रिया हो जसबाट सिकाइ हुन्छ । शिक्षा हरेक मानिसले भिन्न भिन्न तरिका र अवसरमा सिक्छ । संसारमा औपचारिक शिक्षाको स्थापना नै प्राथमिक शिक्षाबाट भएको पाइन्छ । विद्यालय व्यवस्थाको तहमध्ये पहिलो तहको रूपमा प्राथमिक शिक्षा स्थापित छ । उन्नाइसौं शताब्दीमा प्राथमिक शिक्षालाई प्रारम्भिक शिक्षाका रूपमा मानिन्थ्यो । यो शिक्षा आफैँमा पूर्ण थियो । शिक्षा श्रमिकवर्गका लागि थियो जसमा लेखाइ, पढाइ, सामान्य हिसाबमा सीमित थियो । प्राथमिक शिक्षामा परिवर्तन बिसौं शताब्दीमा देखा पर्न गयो जसको स्वरूप बदलिँदै गयो । यसको परिणाम सबै वर्णका लागि शैक्षिक अवसरको व्यवस्था हुनुपर्ने धारणाको उपज हुन गयो । प्राथमिक तहको शिक्षा पद्धतिको जगमात्र नभई यो त हरेक व्यक्ति र सिङ्गै राष्ट्रको चौतर्फी विकासको जग हो मान्छेको कार्य क्षमता बृद्धि गर्ने प्रमुख आधार शिक्षा हो जसभित्र सामाजिक शिक्षा पनि

पर्छ । यस सामाजिक शिक्षाले प्रत्यक्ष किसिमले व्यक्तिलाई पुऱ्याउने फाइदा भनेको अवसरका निमित्त प्रभावकारी स्वतन्त्रता प्रदान गर्नु हो । सामाजिक शिक्षाको महत्व कायम गराउन पाउनु मात्र होइन, आर्थिक उपलब्धिका साथ साथै स्वतन्त्रता र समानताको निमित्त अधिकार र कर्तव्यको ख्याल गर्ने नागरिक निर्माण गर्नु हो । यसमा जनतासँग छलफल गर्ने क्षमता, स्वास्थ्यको विचरा गर्ने क्षमता र सामाजिक सुरक्षामा सचेत रहने क्षमता बढाउने उपादेयता रहेको पाइन्छ । यसबाट राम्रो किसिमको अनुकुल वातावरण बनाई सामाजिक परिवर्तन गर्ने शक्ति प्राप्त हुन्छ (लङ, १९९८) ।

प्राथमिक शिक्षाबाट नै प्रत्येक व्यक्तिले जीवनयापन गर्नका लागि चाहिने आधारभूत ज्ञान हासिल गर्दछ आजको विश्वमा एक मानवका लागि स्वतन्त्र मर्यादित आत्मसम्मानपूर्ण, सचेत र आत्मनिर्भर मानवीय जीवन निर्वाह गर्नका लागि पूर्ण प्राथमिक शिक्षा आवश्यक हुने कुरामा मतभेद पाइँदैन । विश्वले नै प्राथमिक शिक्षा मानव मात्रका लागि अपरिहार्य आवश्यकता मानेको छ । दोस्रो विश्व युद्धपछि एशिया र ल्याटिन अमेरिकी देशहरू स्वतन्त्र भएपछि प्रत्येक मुलकुमा विकासको चाहना बढ्न  गयो । खास गरी हाम्रो मुलुकमा ६ देखि १० वर्षका उमेरलाई प्राथमिक विद्यालयको उमेर मानिन्छ । मानव विकासको हिसाबले यस बालबालिकाको उमेरलाई उत्तरबाल्यावस्था भनिन्छ । वि.स. २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि शिक्षाप्रतिको जनचासो सर्वसाधारणमा पनि बढ्दै गएको पाइयो । वि.स. १९१० सालमा औपचारिक शिक्षाको रूपमा प्राथमिक शिक्षाको थालनी भयो र वि.सं. २०३२ सालदेखि प्राथमिक शिक्षा निःशुल्क गरियो । यसै क्रममा २०२८ सालको सिफारिस अनुसार पहिला वि.सं. २०४१ सम्म अनिवार्य रूपमा सामाजिक विषय पनि लागु गरियो (वाग्ले र ढकाल, २०६०) ।

सामाजिक विषयको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले ‘सामाजिक स्वअध्ययन सामग्री’ (माध्यमिक तह) तयार गरिएको छ । यस सामग्रीले नेपालको भूमिमा सामाजिक शिक्षाको महत्व देखाउँदै यसका उद्देश्य र तिनलाई प्रभावकारी बनाउने उपायहरूमा आवश्यक विमर्श गरेको पाइन्छ । यस सामग्रीमा रहेका पाठहरूमा : हामी र हाम्रो समुदाय र राष्ट्र, विकासका पूर्वाधारहरू, हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, आर्थिक क्रियाकलाप, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग पाठहरू रहेका छन् (पा.वि.के.२०६८) । यी पाठहरूको प्रस्तुतीकरणलाई अवलोकन गर्दा पाठको परिचय, पाठमा उल्लेख भएको सन्दर्भ

र हाम्रो भूमिको सम्बन्ध तथा त्यसमा रहेका चुनौती र समस्याको समाधान प्राप्त गर्न सकिन्छ । यसमा रहेको एक एकाइमा क्षेत्रीय विकास तथा सङ्घीय विकासको अवधारणाको परिचय गराइएको छ । यसको प्रमुख उद्देश्यमा नेपालका पाँच विकास क्षेत्रको भौगोलिक, सांस्कृतिक र आर्थिक अवस्था उल्लेख गर्दै ती विकास क्षेत्रका समस्या र समाधानका उपायको खोजी गर्ने प्रयास गरिएको पाइन्छ (पा.वि.के.२०६८) ।

पूर्वाञ्चल विकास क्षेत्रमा हिमाली, पहाडी र तराई प्रदेशले बनेका सोह्र जिल्ला छन् जसमा मेची, कोसी र सगरमाथा अञ्चल पर्दछन् । त्यसै गरी मध्यमाञ्चल विकास क्षेत्रमा जनकपुर, नारायणी र वागमती अञ्चलभित्र उन्नाइस जिल्ला परेका छन् । पश्चिमाञ्चल विकास क्षेत्रमा लुम्बिनी, गण्डकी र धवलागिरी गरी तीन अञ्चलभित्र सोह्र जिल्ला रहेका छन्, मध्यपञ्चिमाञ्च विकास क्षेत्रमा राप्ती, भेरी र कर्णाली अञ्चल छन् जसमा पन्ध्रवटा जिल्ला समेटिएका छन् । यसै गरी सुदूर पश्चिमाञ्चल विकास क्षेत्रभित्र सेती र महाकाली अञ्चलका नौ जिल्ला समेटिएका छन् । भौगोलिक विभाजन र त्यसको अध्ययनले विकास क्षेत्रका प्रमुख जाति, कुल जनसङ्ख्या, पेसा र उद्योग, विकासका निम्ति आवश्यक स्रोतको जानकारी र तिनको परिचालन गर्ने उपायको खोजीमा जोड दिइएको छ (वाग्ले र ढकाल, २०६०) ।

यस 'सामाजिक अध्ययन'ले विकासका पूर्वाधारहरूको परिचालन गर्न प्राकृतिक स्रोत साधनलाई उचित रूपमा प्रयोग गर्ने सुझाव दिएको पाइन्छ । हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताअन्तर्गत हाम्रा सम्पदाहरूको परिचय गराइएको छ जसमा लुम्बिनी विकास क्षेत्र, पशुपतिनाथ, चितवन राष्ट्रिय निकुञ्जजस्ता सम्पदा पर्दछन् । यसमा नेपालका लोकगीत, नृत्य, सङ्गीत, राष्ट्रिय पर्वहरू र राष्ट्रको उत्थानमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिहरू परिचित गराइएका छन् । यस ग्रन्थले सामाजिक समस्याको पहिचान गराएको छ जसमा चेलीबेटी बेचविखन तथा लागु पदार्थ दुर्व्यसनको नियन्त्रणका उपायहरू प्रस्तुत भएका छन् । यसमा सरकारका तीन अङ्गको महत्व र कार्यहरू चिनाउने प्रयास गरिएको छ जसमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले गर्न सक्ने काम, कर्तव्य र अधिकारको सीमाङ्कन गरिएको छ । 'त्यसै गरी हाम्रो पृथ्वी' अन्तर्गत विश्वका हावापानी, वनस्पति र प्रदेशहरूको भौगोलिक पठन गर्ने सरल तरिका प्रस्तुत गरिएको पाइन्छ । यस कृतिमा 'हाम्रो विगत' जस्ता शीर्षकले नेपालमा घटेका वि.सं. २००७ साल, २०१७ साल, २०३६ र २०४६ सालका घटनाको जानकारी गराउने उद्देश्य राखेको छ भने आर्थिक

क्रियाकलाप' र 'अन्तर्राष्ट्रिय सम्बन्ध' जस्ता पाठहरू पठनपाठनमा सहयोग पुग्ने गरी प्रस्तुत भएका छन् । यस 'सामाजिक अध्ययन'को उपयोगबाट सामाजिक शिक्षा पठनपाठनमा लागेका शिक्षक तथा विद्यार्थीहरूले लाभ उठाउन सक्ने स्थिति देखिएको छ (कैयम र अन्य २०६६) ।

सामाजिक संरचना सिद्धान्तले दिएको निर्देशन अनुसार सामाजिक परिवर्तनको सन्दर्भ पूर्ण रूपमा व्यक्ति केन्द्रित छ । यो सिद्धान्तले व्यक्तिको व्यक्तित्वसँग सम्बन्ध राख्छ र बालकको क्षमतालाई सामाजिक विषयको सिकाइसँग जोडेर हेर्न सिकाउँछ । यसमा सिक्ने व्यक्ति ज्ञानको केन्द्रीय विषय हुन्छ र शिक्षकले खेल्ने भूमिका सुविधा प्रदायकको हुन्छ । यसै सम्बन्धमा शिक्षालाई मनोवैज्ञानिक पक्षसँग जोडिएको छ । शिक्षा यस्तो प्रक्रिया हो जसले व्यक्तिका अन्तरनिहीत शक्तिलाई प्रस्फुटन गराइ दिन्छ । प्राथमिक शिक्षा कुनै व्यक्तिका शिल्प र धारणालाई तोकिएको रीतबाट परिष्कार गर्ने प्रक्रियाको नाम शिक्षा हो । सामाजिक विषयभित्र वातावरण, हावापानी आद्रता, भोजन, सरसफाई, रोगहरू, सञ्चार, बानी आदिजस्ता कुराहरू पनि पर्दछन् । यी कुराहरूलाई मध्यनजर राखी विद्यार्थीहरू सामु सामाजिक विषय प्रशासन गरिनु आवश्यक छ । यसैगरी सामाजिक वातावरणभित्र संस्कृति, परम्पार, सामाजिक विश्वास आदि रहन्छन् । बालबालिकाको विकासमा उचित रीतिरिवाज छैन भने तिनमा सोझो प्रभाव पर्छ । समाजमा रहेका लिङ्ग भेदका कारणले गर्दा पनि बालबालिकाको उचित विकास हुँदैन, उदाहरणका लागि केटाका तुलनामा केटीको आन्तरिक क्षमता कम हुने गर्दछ, त्यस्तै मनोवैज्ञानिक वातावरणभित्र प्रेरणा, उत्सुकता, आकर्षण सिकाइ आदि किसिमका रूप देखिएका छन् (राणा, २०१२) ।

सामाजिक शिक्षालाई प्रभावकारी  जीवनमूलक बनाउन यसको शिक्षक निर्देशिका तयार गरिएको छ । वि.सं. २०६५ अनुसार परिमार्जन गरिएको कक्षा ५ को "सामाजिक अध्ययन तथा सिर्जनात्मक कला" विषयको पाठ्यपुस्तकलाई आधार बनाई तयार पारिएको शिक्षक निर्देशिकाले शिक्षण प्रभावकारी बनाउन र जीवन सापेक्ष गराउन मद्दत गर्ने छ । यसको प्रयोगले विद्यार्थीमा विभिन्न सामाजिक सिप शिक्षण सिकाइ क्रियाकलाप र सक्रियता बढोस् भन्ने उद्देश्य राखिएको छ ।

सामाजिक सिप विकासको लागि व्याख्यानजस्ता विधिभन्दा छलफल, अध्ययन भ्रमण र योजना कार्यलागत विद्यार्थीले गरेर सिक्ने खालका विधिहरु छानिएका छन् । शिक्षकले

यस्ता विधिमा सहजीकरण अथवा सरलीकरण गर्न सक्छन् । शिक्षक निर्देशिकाका पाठहरुमा उद्देश्य, पाठको परिचय, शैक्षिक सामग्री, मूल्याङ्कन र सुझाव आदि शीर्षकहरुमा शिक्षकका निम्ति उपयोगी ठानिएका विधि पक्ष उल्लेख गरिएका छन् । कक्षा शिक्षण गर्नु अगाडि त्यस पाठको अध्ययन गरी उपयोगी निर्देशनको प्रयोग गर्दै पाठ योजना बनाउने गरेमा पाठ्यक्रमका उद्देश्यहरु पूरा गर्न पाठ्यक्रम मूल्याङ्कन गर्न सहयोग पुग्दछ (अधिकारी, २०६९) ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन तथा शिक्षासम्बन्धी क्षेत्रीय र राष्ट्रिय गोष्ठी कार्यशालाद्वारा प्राप्त सुझावहरूको आधारमा सामाजिक अध्ययनको यो पाठ्यक्रम तयार पारिएको हो । यस तहको पाठ्यक्रममा बालबालिकाहरूलाई सामाजिक र भौतिक वातावरणप्रति रुचि जगाउन विषयवस्तुको ज्ञान, सिप, अभिवृद्धिको विकास गराई उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने प्रमुख उद्देश्य रहेको छ । यस पाठ्यक्रमले प्रयोगात्मक शिक्षण प्रणालीलाई महत्व दिँदै विद्यार्थीहरू स्वयम्बाट समस्याको खोज र समाधानका उपायहरू पहिल्याई आफ्नो विचार, सिप, दक्षता, रुचि तथा खुसीका आधारमा विभिन्न पक्ष एवम् क्षेत्रमा दक्षता बढाउन सकून् र क्रियाशीलताको विकास हुँदै जाओस् भन्ने अपेक्षा गरिएको छ । मानिसले आफ्नो जीवनका आवश्यकताहरू प्राप्त गर्न सुयोग्य नागरिक भई जीवनयापन गर्न बौद्धिक, आध्यात्मिक र संवेदनशील सामाजिक प्राणीका रूपमा स्वयम्लाई अङ्गिकार गर्नुपर्दछ । यसका साथै सामाजिक र भौतिक विश्व वातावरणसँग परिचित हुन विगतका अनुभवबाट वर्तमानको खोजीमा संलग्न हुन र भविष्यप्रति सचेत रही समाजको अध्ययन पनि गर्नुपर्दछ । यी सबै विषयवस्तुको अध्ययन गर्नु नै सामाजिक अध्ययनको मुख्य ध्येय हो (शर्मा र शर्मा, २०६९) ।

परिस्थितिवश प्राथमिक शिक्षा पूरा गरी पढाइ छाड्ने बालबालिकाहरूले समेत आफ्नो दैनिक जीवनमा आइपर्ने कार्य गर्न समस्याहरूको समाधान गर्न र सामाजिक तथा व्यावहारिक भूमिका निर्वाह गर्न सक्ने छन् भन्ने आशा गरिएको छ । अहिलेको वर्तमान प्ररिप्रेक्ष्यमा यस विषयले बालबालिकालाई आफूले आफैँलाई चिन्ने परिवार र छरछिमेकहरूमा घुलमिल गराउने परम्परादेखि स्थापित सामाजिक चालचलन, नियम आदिसँग परिचित गराउने समाजमा विद्यमान विभिन्न समस्या र विकृतिहरू हटाउनका लागि सहयोगी बनाउने, असल नागरिकमा हुनुपर्ने मानवीय गुण, अधिकार र कर्तव्यको पहिचान गरी सामाजिकीकरणमा जोड दिने बालबालिकाहरूलाई आफू रहेको ठाउँ, क्षेत्र, देश

भौगोलिक स्वरूपप्रति परिचित गराउने, आफू र आफ्नो परिवार समुदायका विगतका सम्बन्धमा खोजी नीति गर्न प्रेरित गर्ने र उनीहरूलाई मितव्ययी भई परिवार तथा स्थानीय समुदायका आर्थिक क्रियाकलापका बारेमा जानकारी लिन प्रेरणा जगाउने अपेक्षा गरिएको छ (न्यौपाने, २०७०) ।

पाठ्यक्रम औपचारिक शिक्षाको पथ प्रदर्शक हो । यसको कार्यान्वयनमा शिक्षकको गहन भूमिका तथा जिम्मेवारी हुन्छ । शिक्षकलाई मार्गदर्शनका लागि यस पाठ्यक्रममा विषयवस्तुको विस्तृतीकरण पनि गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनमा प्रयोगकर्ताका सुगमताका लागि शिक्षण सिकाइ क्रियाकलाप एवम् मूल्याङ्कन प्रक्रियाका नमुनाहरू समेत समावेश गरिएको छ । त्यसका अतिरिक्त कार्यान्वयन प्रणाली प्रभावकारी बनाउन शिक्षक स्वयम्ले पनि यस सम्बन्धी नवीनतम प्रविधिहरूलाई विद्यालय वातावरणसम्म पुऱ्याउने प्रयास गर्नु आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन

अध्ययनको विषय वा केन्द्रमा पारिएको वस्तु त्यस अनुसन्धानको मुख्य समस्या मानिन्छ । सामाजिक विषयमा अहिलेको बदलिँदो परिवेश अनुसार परिवर्तन नितान्त आवश्यक छ । देशमा भइरहेका जल्दाबल्दा राजनीतिक समस्या र शिक्षा क्षेत्रमा देखापरेको खिचातानी पनि यस विषयप्रतिको जिम्मेवार देखिन्छ । यस विषयप्रति जिम्मेवारपूर्ण व्यक्तिहरूले यस विषयलाई नवीनतम प्रविधि अपनाई प्रयोगमा ल्याएका छन् ? विषयवस्तुको रूपमा भन्नुपर्दा यस पाठ्यक्रमलाई नयाँ रूप दिनका लागि अथवा नयाँ मोड लिनका लागि शिक्षक, शिक्षिका, अभिभावक शिक्षाविद् एवम् लेखकहरू पूर्ण रूपमा जिम्मेवार देखिन्छन् ? यी प्रश्नहरूको उत्तर खोज्नु नै यस विषयको समस्याको रूप हुन आउँछ । यस विषयप्रति जिम्मेवारपूर्ण व्यक्तिहरूको गैह्रजिम्मेवारीपनसाथै यस विषयसँग जोडिएका नजिकमा रहेका शिक्षक शिक्षिकाहरूमा नयाँ तालिम, सेमिनार, सभा, गोष्ठी जस्ता कुराहरूको अभाव साथै पुरानो कुराहरूलाई छोडी नयाँ विधि र तौरतरिका अपनाउन विना हिचकिचाहटको स्थिति नभएको हुँदा आज यो विषयको अवस्था झन् झन् जटिल बन्न गएको छ र यो एउटा मुख्य समस्याको दायराभित्र उभिन पुगेको छ ।

## १.३ अध्ययनको औचित्य

मानव इतिहासमा विकास र सभ्यताको शृङ्खला चुलिँदै गएको छ । आज २१ औं शताब्दीको शैक्षिक अवस्थाको आगमन शिक्षाको प्रतिफल हो । तसर्थ शिक्षा कसका लागि भन्दा शिक्षा मानव मात्रका लागि भन्ने उत्तर सहजै आउँछ । यसको विकल्प पनि छैन । यो संसारमा मान्छेको विकल्प मान्छे बाहेक अरू कोही पनि छैन, तसर्थ शिक्षा कसका लागि होला भन्नुपर्दा शिक्षा सबै मानिसका लागि हो जुन मानवीय आवश्यकता हो । तसर्थ थप अध्ययन गर्न चाहने जिज्ञासु अनुसन्धानकर्ताहरूलाई मार्गनिर्देशन गर्नमा प्रस्तुत अनुसन्धानले अनुशासनको पालना गर्न अनुसन्धानकर्ता, अनुसन्धान निर्देशक र अनुगामी अनुसन्धानकर्तालाई सहयोग गर्नेछ । साथै शैक्षिक नीति निर्माण तहमा व्यावहारिकपन ल्याउन र अध्ययन र अनुसन्धानको क्षेत्रमा योगदानको चर्चा र महत्व दर्शाउन समेत सहयोगी भूमिका खेल्नेछ । यसको महत्व यस अर्थमा छ कि बाटो बिर्सिएर आफ्नो कर्तव्यप्रति जिम्मेवार नदेखिएका ती सम्पूर्ण जिम्मेवारीपूर्ण व्यक्ति तथा संघसंस्थालाई परामर्श दिन तथा निर्देशन गर्दा, सल्लाह र सुझावको समेत सहयोग पुऱ्याउने यसको औचित्य रहन आएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) कक्षा ५ को सामाजिक विषयमा समावेश गरिएका विषयवस्तुहरूको लेखाजोखा गर्नु,

ख) सामाजिक विषयको शिक्षण विधि प्रक्रियाको पहिचान गर्नु,

ग) सामाजिक शिक्षा पाठ्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू पत्ता लगाउनु ।

## १.५ अनुसन्धान प्रश्न

अध्ययनको मूल्याङ्कन तथा अनुसन्धान गर्ने क्रममा अध्ययनको उद्देश्य परिपूर्तिका साथसाथै अध्ययनको अनुसन्धानका लागि अनुसन्धान प्रश्नको पनि नितान्त आवश्यक पर्दछ । यस अध्ययनका अनुसन्धान प्रश्नहरू निम्न रूपमा रहेका छन्:

क) सामाजिक शिक्षा विषयका विषयवस्तुहरू के कस्ता छन् ?

ख) सामाजिक शिक्षा विषयको वर्तमान परिवेश कस्तो छ ?

ग) शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ ?

घ) सामाजिक विषयका विषयवस्तु कुन क्रममा राखिएका छन् ?

ङ) सामाजिक शिक्षा विषयको शिक्षण गर्दा कुन विधि अपनाइन्छ ?

च) सामाजिक विषयलाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अनुसन्धान कार्यमा सीमा तोकिनुपर्छ । यसबाट मार्ग प्रशस्त हुनेछ । सीमाङ्कनले पनि त्यही कुराको बोध गराउँछ । यस अनुसन्धान कार्यका लागि सुनसरी जिल्ला धरानमा अवस्थित धरान स्रोत केन्द्रबाट सञ्चालित ४ वटा विद्यालयहरू श्री शारदा बालिका नमुना उच्च मा.वि. र श्री चन्द्रसंस्कृत उच्च माध्यमिक विद्यालय, धरान पब्लिक उच्च मा.वि., र शिक्षा सदन उच्च मा.वि. रहेका छन् । २०७१ सालको कक्षा ५ को सामाजिक विषयका शिक्षक शिक्षिका, प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यार्थीहरूलाई यस अध्ययनमा सीमित गरिएको छ ।

## १.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा

**शिक्षक निर्देशिका :** शिक्षकलाई पठनपाठन प्रभावकारी बनाउन सहयोग गर्ने मार्गदर्शक पुस्तिका ।

**सामुदायिक विद्यालय :** नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गरी समूहबाट रेखदेख हुने शर्तमा खोलिएका विद्यालयहरू ।

**स्रोतव्यक्ति :** कुनै विषयमा अनुभव प्राप्त र परिवक्व ज्ञान भएका समाजलाई सहज रूपमा सहयोग गर्ने मानिस ।

**पाठ्यक्रम :** पढाउनका निमित्त तोकिएको विषय र त्यसको पूर्वापरक्रम ।

**पाठ्यपुस्तक :** विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीलाई औपचारिक तवरले पढाइने पुस्तक ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा शोधपत्रलाई पूर्णता प्रदान गर्नका लागि विभिन्न लेख, रचना, पत्रपत्रिका, साहित्य र सैद्धान्तिक खाकाको अध्ययन गरी सम्बन्धित साहित्यको पुनरालोकन, सैद्धान्तिक खाका र साहित्यको उपादेयतालाई समावेश गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई पूर्णता प्रदान गर्न सम्बन्धित अनुसन्धानात्मक प्रतिवेदन, लेख रचनालाई अध्ययन गरी समीक्षा गरिएको छ । अनुसन्धान कार्यमा अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न र अध्ययनकर्तालाई आफ्नो अध्ययनको विषय क्षेत्रलाई सीमित गर्न समेत साहित्यको पुनरावलोकनले सहयोग गर्दछ । हुन त यस विषयमा पर्याप्त अध्ययन अनुसन्धान एवम् खोज कार्य नभएकाले यस विषयसँग सम्बन्धित समस्या एवम् विषय सम्बन्धित शिक्षाविद्, विषय विशेषज्ञ र अनुसन्धानकर्ताले गरेको अध्ययन अनुसन्धानलाई आधारका रूपमा प्रस्तुत गरिएको छ ।

शिक्षा क्षेत्रमा एक क्रान्तिकारी कदम भने राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि देखा पर्न थाल्यो यसले शिक्षामा आमूल परिवर्तन ल्यायो र २०३२ सालदेखि प्राथमिक शिक्षा निःशुल्क समेत गरियो । नेपालमा प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने हेतुले २०४९।५० देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू गरियो । जुन समयमा सामाजिक विषयको सुरुवात भइसकेको थियो जसले व्यक्ति विशेषको मात्र अध्ययन नगरी ऊ बसेको समाज र वातावरणको समेत अध्ययन गर्दथ्यो । सामाजिक परिवेश, भौगोलिक विविधता, सांस्कृतिक वातावरणले मानव व्यवहारमा पर्ने र पर्न सक्ने प्रभावको अध्ययनलाई जोड दिन्थ्यो जसले विद्यार्थीहरूको क्षमता आवश्यकता र शिक्षणको उद्देश्यलाई ध्यानमा राखी विषयहरुको चयन गर्दछ (वाग्ले र अन्य, २०६०) ।

सामाजिक अध्ययनको शिक्षण कार्यलाई प्रभावकारी बनाउने प्रयासमा समाजशास्त्रीहरू लागि परिरहेका छन् । त्यसैले यसमा रहेका चुनौतीहरूसित लगातार सङ्घर्ष गर्दै सामाजिक अध्ययन शिक्षणका पूरक तत्वहरूको खोजी गरिएको छ जसले समस्याको समाधानमा सहयोग गर्ने विश्वास गरिएको छ । सामाजिक शिक्षाको पठन पाठनमा अनुकूल उपलब्धि हुन सकेको छैन । यस्ता कमजोरीमा सुधार गर्नका लागि

सामुदायिक स्रोत, शैक्षिक भ्रमणजस्ता अतिरिक्त तत्वहरूको सहारा लिन सकिन्छ जसले विद्यालय र समुदायबीचको सम्बन्धलाई सुमधुर बनाइदिन्छ । सामाीजक विषयलाई शैक्षिक भ्रमणको माध्यमबाट प्रभावकारी बनाउन सकिन्छ । भ्रमणको उद्देश्य निर्धारण गरिएपछि उद्देश्य अनुसार उपयुक्त स्थान चयन गरिएको पाइन्छ । यसमा मिति तथा समयमा तोकिएको हुने भएकाले विद्यालय प्रशासनबाट अनुमति पनि लिइएको हुन्छ । भ्रमण स्थलको जिम्मेवार व्यक्तिसँग पूर्व सम्पर्क राखी अनुमति प्राप्त गर्दै आवश्यक सहयोगका लागि अनुरोध गरिन्छ । यस शैक्षिक भ्रमण कार्यक्रममा निरीक्षणको मापन प्रक्रिया अपनाई देखिएका वस्तुहरू राम्ररी हेर्न लगाइन्छ यसमा अवलोकनकर्ताले स्थान, दृश्य र घटनाको अवलोकन गर्छन्, साथसाथै टिपोट पर्दै जान्छन् । गन्तव्य स्थानमा पुगेपछि निर्धारित समयभित्र काम सम्पन्न गर्ने उद्देश्यले समूह विभाजन गरिन्छ । ती समूहले आफ्नो प्रतिवेदन लिखित रूपमा पेस गर्दछन् । त्यस लिखित प्रतिवेदनमा छलफल गरेर उपलब्धिको मूल्याङ्कन गरिन्छ । सामाजिक विषयमा यस्तो भ्रमणको ज्ञान प्रभावकारी हुन्छ (कैयुम, २०६२) ।

रा.शि.प.को योजना २०२८ को सिफारिसअनुसार पहिला वि.सं. २०४१ सम्म अनिवार्य सामाजिक शिक्षा विषय भए तापनि पाठ्यक्रम परिमार्जन तथा कार्यान्वयन योजना २०३८ अनुसार वि.सं. २०४२ देखि हटाइएको थियो । २०४६ सालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापछि मानवअधिकार तथा प्रजातान्त्रिक मूल्य र मान्यता राष्ट्रिय प्रतिबद्धता र अन्तर्राष्ट्रिय परिस्थिति अनुसारको शिक्षा दिनका लागि शिक्षा क्षेत्रमा सुधार गर्न आवश्यक ठानी राष्ट्रिय शिक्षा आयोग २०४९ को गठन भयो र यस आयोगको प्रतिवेदनले सामाजिक शिक्षाको आवश्यकता र महत्त्वलाई उच्च रूपले मूल्याङ्कन गर्दै सामाजिक शिक्षा विषयलाई माध्यमिक तहसम्म पनि लागू गरियो (वि.सि., २०६९) ।

सामाजिक अध्ययनको अवधारणा अनुरूप व्यक्तिको जीवन परिवारबाट सुरु भई छिमेक, समुदाय, क्षेत्र, राष्ट्र र विश्व परिवेश पुग्ने भएकाले प्राथमिक तहका बालबालिकाको स्तरलाई हेरेर निम्न कुराहरू समेट्नुपर्ने सामाजिक अध्ययन शिक्षा हो । आफू, आफ्नो परिवार छरछिमेक, हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रो आर्थिक क्रियाकलाप, स्थानीय विषयवस्तुको अंश हो (अधिकारी, २०६९) ।

सामाजिक शिक्षा (कक्षा ९ र १० को) विषयलाई आधार बनाई सातवटा विद्यालयको शैक्षिक गतिविधिबारेमा स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षका विद्यार्थीले शोधपत्र तयार गरेका छन् । उनको शोधपत्र लमजुङ जिल्लामा अवस्थित माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयको सेरोफेरोबाट तयार भएको छ । उनको शोधपत्रमा श्री कुसुमाकर उ.मा.वि., करायुटार, श्रीईशानेश्वर उ.मा.वि. भोर्लेटार, श्री बुद्धोदय मा.वि., गिलुङ, श्री मङ्गला उ.मा.वि. सोतीपसल, श्री अन्नपूर्ण मा.वि. नाल्मा, श्री जनविकास उ.मा.वि. बेसीसहर, श्री अमर उ.मा.वि. खुदीलाई अध्ययनको सीमाभित्र पार्दै ती विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीसँगको प्रश्नोत्तर तथा अवलोकन कार्यबाट कक्षा ९-१० को सामाजिक विषय र तिनमा रहेका उपलब्धि एवम् कमजोरीको सूचना गरेका छन् । उनको निष्कर्षमा साधन र स्रोतको कमी भएको बताइएको छ, उपलब्ध साधनलाई उचित प्रयोग गर्ने सुझाव दिइएको छ । पाठ्यक्रम तथा शिक्षक निर्देशिकाले निर्देशन गरेका र प्रयोग भइआएका मूल्याङ्कन विधिहरूबीच हुबहु मेल नखाए पनि आधार पाठ्यक्रमलाई मानिएको बताइएको छ । अध्ययनमा प्राप्ति र सुझाव दिइएको पाइन्छ, प्राप्तिमा सफलता र सुझावमा गर्न बाँकी रहेका कामको, अपुग रहेका स्रोतहरूको विषय उल्लेख हुन आएको छ । माध्यमिक तहको सामाजिक शिक्षाको प्रसङ्ग भएकाले विद्यार्थीको सहभागीमूलक कार्य अनुकूल हुने भए पनि त्यसलाई शिक्षकले पूर्ण रूपमा लागू गर्न नसकेको स्थिति प्रकाश गरिएको छ (सोती, २०६३) ।

“सामाजिक विषयको पाठ्यवस्तु मूल्याङ्कन” शीर्षकमा सामाजिक विषयमा शोधपत्रको लेखन र अनुसन्धान कार्यहरू भएका छन् । एक शोधमा रहेका उद्देश्यहरू : सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा अध्यापन हुने सामाजिक विषयको पाठ्यवस्तुको तुलना गर्ने, सामाजिक विषयवस्तुमा रहेका विषयवस्तुको लेखाजोखा गर्ने, सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायको खोजी गर्ने रहेका छन् । यस शोधबाट भएका प्राप्तिहरू अध्ययन गर्दा सामाजिक पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप नै तयार भएको पाइएको छ । यसका विषयवस्तु बढी भएका र गहनता पनि तुलनात्मक रूपमा विस्तृत रहेको मूल्याङ्कन गरिएको छ । यसमा विद्यालयको स्रोतसाधन कमी भएकाले प्राप्तिमा कमजोरी रहेको पाइन्छ भने प्रयोग पक्षमा व्यावहारिकता कमजोर रहेको ठहर भएको छ (वि.सी., २०६९) ।

माध्यमिक तहमा "सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको विषयवस्तुको अवस्था"को शोधमा सामाजिक अध्ययनमा समाविष्ट विषयहरूको सम्बन्ध के कस्तो रहेको छ र यिनलाई समन्वय गर्न कठिनाइ हुने अवस्था के के कारणले देखिएका छन् जस्ता उद्देश्य रहेका छन् । यसको शोधकर्ताले माध्यमिक तहमा "सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको विषयवस्तुको अवस्था" पत्ता लगाउनका निम्ति सुनसरी जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका विषय शिक्षक, स्रोतव्यक्ति तथा विषयविज्ञबाट सूचना सङ्कलन गरिएको उल्लेख हुन आउँछ । वर्तमान समयमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म सामाजिक विषय अनिवार्य विषयका रूपमा अध्यापन गरिँदै आएको छ । सामाजिक अध्ययन एउटा विषयवस्तुसँग मात्रै सम्बन्धित छैन, यस विषयको पाठ्यक्रममा समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, भूगोल तथा सामाजिक मनोविज्ञानका साथै संस्कृति र जनसङ्ख्याजस्ता विषयहरू पाठ्यक्रममा समाविष्ट छन् । यी विषयहरूको माध्यमबाट व्यावहारिक ज्ञान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धको स्थापना गर्ने पक्षमा सहयोग पुग्ने ठहर गरिएको छ । यसका स्रोतव्यक्तिहरूबाट प्राप्त जानकारी अनुसार यस्ता विषयहरू आजको किशोर तथा युवा पुस्तामा प्रवेश गर्नुभन्दा ठीक पूर्वको उमेरका विद्यार्थीका लागि आवश्यक हुन्छ जसमा अर्थशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, मानवशास्त्र, भूगोल, इतिहास र संस्कृति जस्ता विषय समाविष्ट छन् । यी विषयहरू असल नागरिक बनाउने काममा उपयोगी साधन हुन् । यस अध्ययनले पाठ्यक्रममा एकीकृत गरिएका विषयहरू समसामयिक रहेका देखाएको छ । यसमा उद्देश्य र विषयवस्तुको तालमेल रहेको पाइएको छ तर हाम्रो देशको भौगोलिक विविधता, धार्मिक विविधता, भाषाको विविधता, आर्थिक विविधताहरू उद्देश्यलाई व्यावहारिक बनाउन बाधक रहेका छन् भन्ने ठहर गरिएको पाइन्छ । यस शोधपत्रले समयको अभाव देखाउँदै मूल्याङ्कनको साधन लिखित परीक्षा मात्र हुनुलाई अपर्याप्त अवस्था ठहर गरेको छ । धेरै कुरामा चुनौती रहेका भए पनि सामाजिक अध्ययनले पारस्परिक निर्भरता, सहयोग र समझदारी बढाएको निष्कर्ष गरिएको छ (तिवारी, २०६९) ।

सामाजिक विकासको सुरुवात मानव विकास सँगसँगै हुँदै आएको छ । विकासको क्रमसँगै प्रत्येक मानिसलाई आ-आफ्नो जीवन सहज रूपमा जीवनयापन गर्ने सामाजिक र भौतिक वातावरणसँगै समायोजन हुन सक्ने ज्ञान, सीप, क्षमता प्रदान गर्ने आवश्यकताको कमीलाई परिपूर्ति गर्ने स्वरूपमा सामाजिक शिक्षा विषयको कमीको महसुस गर्न थालियो ।

सामाजिक मान्यताहरू परिवारबाट नै सिकाउँदै क्रमशः ऋषिकुल, पितृकुल, राजकुल, गुरुकुल आदि शैक्षिक प्रणालीको युगमा पनि कुनै न कुनै रूपबाट सामाजिक शिक्षाको पाठ सिकाइन्थ्यो । यसैगरी सामाजिक अध्ययन शिक्षाको सम्बन्धमा मानिसले आफ्नो जीवनका आवश्यकताहरू प्राप्त गर्नु मूल विषय हो, सुयोग्य नागरिक भई जीवनयापन गर्ने ध्येय रहन्छ, बौद्धिक आध्यात्मिक र संवेदनशील सामाजिक प्राणीका रूपमा स्वयम्लाई अङ्गिकार गर्न सक्नुपर्दछ (न्यौपाने २०७०) ।

## २.२ सैद्धान्तिक खाका

यस शोध अध्ययन कार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउन सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । सिद्धान्तलाई स्वीकृत गर्न वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरू विश्वसनीय र वास्तविक हुन्छन् । यस शोध प्रतिवेदनका लागि डेनियल स्टफलविमको सि.आई. पि.पि. नमुना सिद्धान्तलाई लिइएको छ । उनले निर्णयलाई आधार मानी वा व्यवस्थापक वर्ग रूपमा लिएर सन् १९७० मा आफ्नो योजना अनुसार यो नमुना सिद्धान्त प्रस्तुत गरे । डेनियल स्टफलविमले आफ्नो मूल्याङ्कन नमूना सिद्धान्त मार्फत मूल्याङ्कनको परिभाषा दिएका छन् । उनको परिभाषाअनुसार मूल्याङ्कन भन्नाले वैकल्पिक निर्णयहरू गर्नका लागि सूचनाहरू सङ्कलन  र व्याख्या गर्ने प्रक्रिया हो । स्टफलविमद्वारा प्रस्तुत सि.आई.पि.पि. नमूनाले शैक्षिक कार्यक्रमको मूल्याङ्कनलाई चार प्रकारमा संचालन गरिने र ती चार प्रकारका मूल्याङ्कनबाट चार प्रकारका निर्णयहरू निकाल्न सहयोग गर्ने गर्दछ भन्ने अवधारणालाई आत्मसात् गरेको छ जसको चर्चा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### परिवेश मूल्याङ्कन

यो कार्यक्रम निर्माण पूर्वको अवस्था वा कार्यक्रमको परिवेश कार्यक्रम सञ्चालनका पूर्व शर्तहरूसम्बन्धी मूल्याङ्कन हो । परिवेश मूल्याङ्कनको आधारमा योजना सम्बन्धी निर्णय गरिन्छ । परिवेश मूल्याङ्कनमा अवधारणात्मक विश्लेषण र प्रत्यक्ष विश्लेषणहरूको आधारमा मूल्याङ्कन गरी कार्यक्रमको परिवेश, त्यसका लक्ष्यहरू र कार्यक्रमले पूरा गर्नुपर्ने विशिष्ट उद्देश्यहरूबारे निर्णय गरिन्छ ।

### लगानी मूल्याङ्कन

लगानी मूल्याङ्कन कार्यक्रमका प्रक्रियाहरू, कार्यक्रमका वैकल्पिक राजनीतिहरू, कार्यक्रमका स्रोतहरू र तीनको बाँडफाँड तिनीहरूको पर्याप्तता र अपर्याप्तता सम्बन्धी मूल्याङ्कन गरिन्छ । लगानी र मूल्याङ्कनको आधारमा संरचनागत निर्णय गरिन्छ ।

### प्रक्रिया मूल्याङ्कन

प्रक्रिया मूल्याङ्कनमा कार्यक्रमको कार्यान्वयनमा भएका बाधाहरू, उपलब्ध स्रोतसाधन, राजनीति र योजना आदिको पर्याप्तता, अपर्याप्तता, प्रक्रियाहरूमा भएको सबल र दुर्वल पक्षहरू आदिको पहिचान गरिन्छ र त्यसको आधारमा कार्यक्रमलाई नियन्त्रण गर्ने, सुधार गर्ने र अनुगमन गर्ने कार्य गरिन्छ । प्रक्रिया मूल्याङ्कनको आधारमा कार्यान्वयन सम्बन्धी निर्णय गरिन्छ ।

### उत्पादन मूल्याङ्कन

उत्पादन मूल्याङ्कनमा कार्यक्रमको परिणाम के आयो, कार्यक्रमको अवस्था वा उद्देश्यहरूबीच कस्तो समानता देखियो र कार्यक्रमले आवश्यकताहरूलाई कति पूरा गर्न सक्यो आदि विषयमा मापदण्ड तयार गर्ने उत्पादनलाई मापदण्डसँग तुलना गर्ने, लेखाजोखा गर्ने र व्याख्या गर्ने कार्य गरिन्छ ।

स्टफलविमद्वारा प्रस्तुत उक्त प्रणालीगत नमुनाले शैक्षिक कार्यक्रमका सम्पूर्ण अंगलाई पद्धतिगत रूपमा मूल्याङ्कन गर्ने आधार प्रदान गरेको छ । प्रत्येक अङ्गहरूलाई स्वतन्त्र रूपमा मूल्याङ्कन र सुधार गर्दै समग्रतामा लेखाजोखा गर्ने आधारहरू नमुनाले दिएको छ । यस नमुनाले मूल्याङ्कनलाई निर्णय प्रक्रियासँग सम्बन्धित गराउँदै शैक्षणिक मूल्याङ्कनमा जोड दिन्छ । यसर्थमा यस सिद्धान्तलाई कक्षा ५ को सामाजिक विषयको मूल्याङ्कन गर्ने आधारको रूपमा लिइएको छ । यस सि.आई.पि.पि. नमुना सिद्धान्तका केही आलोचनाहरू पनि नभएका भने होइनन् यो बढी जटिल, खर्चिलो समय बढी लाग्ने र स्रोतहरू पनि बढी लाग्ने खालको रूपमा रहेको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत सिद्धान्त र साहित्यहरूले अनुसन्धान कार्यमा अध्ययनकर्ताको शोधकार्यलाई सही बाटोमा हिडाउन मार्गदर्शन प्रदान गराएको छ । साथमा सैद्धान्तिक खाकाको छनोट गर्न समेत सहयोगी भूमिका पुऱ्याएको छ । यसले सामाजिक विषयमा उठेका महत्वपूर्ण समस्याहरू समाधान गर्न समेत योगदान पुऱ्याएको छ । अनुसन्धान कार्यमा के कस्ता ढाँचाहरू अपनाउने, कसरी यस शोधकार्यलाई अगाडि बढाउने भन्ने कुराहरूमा यसले उचित मार्गदर्शन प्रदान गरी अनुसन्धानलाई विश्वसनीय र वैध बनाउन मद्दत पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधपत्रमा गुणात्मक र परिमाणात्मक ढाँचा अपनाउनुको साथै व्याख्या विश्लेषण, विवेचना विधिलाई समेत प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना आकार

यस अनुसन्धान कार्यका लागि सुनसरी जिल्ला धरान नगरपालिकामा अवस्थित धरान स्रोतकेन्द्रद्वारा सञ्चालित ३६ वटा विद्यालय, विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरूलाई यस शोधपत्रको जनसङ्ख्याको रूपमा लिइएको छ ।

सुनसरी जिल्ला धरान नगरपालिका क्षेत्र नं. १ अन्तर्गत धरान स्रोतकेन्द्रद्वारा सञ्चालित ३६ वटा विद्यालयहरूमध्ये ४ वटा उच्च मा.वि.का ४ जना प्र.अ., ४ जना शिक्षक, २० जना विद्यार्थीहरू र १ जना स्रोतव्यक्ति गरी जम्मा २९ जना व्यक्तिलाई यस शोधपत्रमा नमुना जनसङ्ख्याको आकारको रूपमा लिइएको छ । यसलाई अनुसूची ५ मा राखिएको छ ।

### ३.२.१ नमुना छनौट विधि

यस शोधपत्रको नमुना छनौटको क्रममा विद्यालय, प्र.अ., शिक्षक र स्रोतव्यक्ति छनौटका लागि उद्देश्यमूलक नमुना छनौट विधिलाई लिइएको छ  र विद्यार्थी छनौटका लागि सम्भावनायुक्त नमुना छनौट विधि अपनाइएको छ ।

### ३.२.२ नमुना छनौटको आधार

यस अध्ययन तथा अनुसन्धानलाई अगाडि बढाउनका लागि धरान स्रोतकेन्द्रद्वारा सञ्चालित विद्यालयहरू मध्ये ४ वटा विद्यालयहरू छनौट गर्दा शैक्षिक अवस्था, कक्षागत अवस्था र भौगोलिक अवस्थाको आधारमा गरिएको छ ।

## ३.३ अनुसन्धानको साधन

कुनै पनि अध्ययनलाई सम्पन्न गर्न अध्ययनकर्ताले विभिन्न किसिमका साधनहरूको सहयोग लिनुपर्ने हुन्छ । यस अध्ययनमा पनि तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनहरूको निर्माण गरिएको छ ।

### अन्तर्वार्ता सूची

प्रधानाध्यापक र स्रोतव्यक्तिका लागि अन्तर्वार्ता सूची  निर्माण गरिएको छ । सामाजिक अध्ययनका विधिहरू, विषयवस्तुको स्थिति, क्षेत्र र क्रमका साथै आवश्यक सूचना तथा जानकारी प्राप्त गरिएको थियो । जसलाई अनुसूची १ र २ मा राखिएको छ ।

### प्रश्नावली

नमुना छनोटमा परेका विद्यालयमा कार्यरत शिक्षक र विद्यार्थीका लागि प्रश्नावली निर्माण गरिएको छ । प्रश्नावलीको माध्यमबाट प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कनका लागि कुन कुन विधि प्रयोगमा छन्, विषयवस्तु कस्तो छ, प्रभाव पार्ने तत्वहरू के के हुन्, अझ उपयोगी बनाउन के के गर्ने भन्ने प्रश्नहरूको जानकारी तथा सूचनाहरू सङ्कलन गरिएको छ, जसलाई अनुसूची ३ र ४ मा राखिएको छ ।

अनुसन्धान कार्यको सिलसिलासँगसँगै शोधपत्रमा गरिएका खोज, लेख, संरचना वैध हुनु नितान्त जरुरी छ त्यसकारण यस शोधपत्रको निर्माणका लागि विषयविज्ञहरूको राय, सल्लाह, सुझाव, परामर्श साथै विभिन्न पुस्तकहरूको मार्ग निर्देशनलाई यस अनुसन्धानको वैधता निर्धारण प्रक्रिया मानिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस शोधपत्रको तथ्याङ्क सङ्कलनका लागि निम्न स्रोतहरू अपनाइएको छ :

### प्राथमिक स्रोत

आफैँ विद्यालयमा प्रत्यक्ष संलग्न रही सरोकारवाला व्यक्तिसँग लिइएको अन्तर्वार्ता, छलफल विधि र प्रश्नावलीलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

### द्वितीय स्रोत

द्वितीय स्रोतका रूपमा विभिन्न लेख, रचना, पत्रपत्रिका, शोधपत्र, पुस्तकहरू राखिएको अभिलेख रहन्छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

नमुना छनोट कार्य गरिसेकपछि ती विद्यालयहरूमा स्वयं उपस्थित भई प्रधानाध्यापक र स्रोतव्यक्तिलाई अन्तर्वार्ता सूची, शिक्षक र विद्यार्थीहरूका लागि प्रश्नावली समेत भराएर सूचना सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क विश्लेषण प्रक्रिया भनेको सङ्कलित सम्पूर्ण तथ्याङ्कहरूलाई आवश्यकताअनुसार विभिन्न विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिने कार्य हो । यस शोधपत्रसँग सम्बन्धित सूचना तथा तथ्याङ्कलाई पनि आवश्यकताअनुसार तालिकीकरण गरी व्याख्यात्मक तथा विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

## परिच्छेद चार : नतिजा र छलफल

अनुसन्धान कार्यका लागि चाहिने आवश्यक तथ्याङ्कहरू तथा जानकारीहरू प्राप्त गरिसकेपछि ती तथ्याङ्कहरूको नतिजाको छलफल गर्नु आवश्यक छ । अध्ययन कार्यबाट के कस्ता सूचना तथा जानकारीहरू प्राप्त भए तिनीहरूको व्याख्या, विश्लेषण, विवेचना तथा छलफल कसरी गरियो भन्ने कुरामा नतिजाको छलफल गरिएको छ । यस शोधपत्रको नमुना छनोटमा परेका धरान स्रोतकेन्द्रबाट सञ्चालित ४ वटा विद्यालयहरू त्यस विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरू गरी जम्मा २९ जनाको सङ्ख्यामा यस अध्ययन तथा अनुसन्धानलाई सीमित गरिएको थियो । शोधपत्रमा राखिएका तीन उद्देश्यहरू प्राप्तिका लागि प्र.अ. र स्रोतव्यक्तिलाई अन्तरवार्ता सूची, शिक्षक र विद्यार्थीका लागि प्रश्नावली तथा छलफल विधिको समेत प्रयोग गरी सूचना तथा जानकारीहरू प्राप्त गरिएको थियो । जसलाई विभिन्न उपशीर्षकहरूमा तालिकीकरण गरी प्रस्तुत गरिएको छ । उद्देश्यअनुसार क्रमबद्ध रूपमा यस शोधपत्रको शीर्षकहरूमा उपशीर्षकहरू राखी व्याख्या तथा विश्लेषण गर्नुको साथै तालिकीकरण गरी यस प्रकार प्रस्तुत गरिएको छ ।

### ४.१ सामाजिक विषयको विषयवस्तुको लेखाजोखा

सामाजिक विषयको विषयवस्तुको लेखाजोखाभित्र यस विषयका उद्देश्यहरू के के छन्, तिनीहरू र पाठ्यपुस्तकका उद्देश्यहरूबीच कस्तो सम्बन्ध रहेको छ, शिक्षक निर्देशिकाले तयार पारेका विषयवस्तु अनुसार यसको क्षेत्र क्रम कस्तो छ, कुन विधि बढी अपनाइएको छ, कस्ता शैक्षिक सामग्रीहरू प्रयोगमा आएका छन्, निर्देशित उद्देश्यहरू अनुसार विद्यार्थीहरूको सिकाइमा सुधार देखा पऱ्यो वा परेन, उद्देश्य अनुसारको सिकाइ र सफलता हात पऱ्यो वा परेन जस्ता कुराहरूलाई सामाजिक विषयभित्र लेखाजोखाको रूपमा प्रस्तुत गरिएको छ ।। सामाजिक विषयमा समावेश गरिएका विषयवस्तुहरू र सामाजिक विषयका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.१.१ सामाजिक विषयका उद्देश्यहरू

पाठ्यक्रम औपचारिक शिक्षाको पथप्रर्दशक हो । यसको व्यावहारिक कार्यान्वयनमा शिक्षक, विद्यालय, अभिभावक, विद्यार्थी लगायत सम्पूर्ण जिम्मेवार पक्षको गहन भूमिका हुन्छ । कुनै पनि कार्य सफल हुन त्यसको उद्देश्यरूपी जग दरो हुन आवश्यक छ । उद्देश्यले

नै कार्यक्रमलाई उचित मार्गदिशा प्रदान गर्दछ । भनिन्छ उद्देश्यक विना यात्री गन्तव्यमा पुग्दैन । त्यसैगरी यस सामाजिक अध्ययन विषयको उद्देश्य पनि मापनीय विश्वसानीय र वैध हुनु आवश्यक छ । यसका उद्देश्यहरूलाई निम्न रूपमा प्रस्तुत गरिएको छ (पा.वि.के., २०६८):

१. आफू आफ्नो परिवार र छरछिमेकको परिचय दिन ।
२. सामाजिक कुरीति, छुवाछुत, अन्धविश्वास आदि विरुद्ध सचेत रहन ।
३. आफ्नो समुदायका रहनसहन, वेषभूषा, विभिन्न जातजाति, भाषा, लिङ्ग, पेशा, धर्म तथा चाडपर्वप्रति सद्भाव राखी सम्मान र सहयोग गर्न ।
४. आफ्नो देशप्रति माया, श्रद्धा, भक्तिभाव देखाउन तथा लोकतान्त्रिक मूल्य र मान्यताअनुसार आचरण गर्न ।
५. स्थानीय समुदाय तथा राष्ट्रियस्तरका ख्यातिप्राप्त व्यक्तिहरूको कामबाट प्रेरणा लिन र उनीहरूलाई सम्मान गर्न ।
६. समाजमा रहेका विभिन्न सामाजिक समस्या पहिचान गरी समाधानका लागि सहयोग गर्नु ।
७. मानवअधिकार, बालअधिकार र कर्तव्यप्रति सचेत रही व्यावहारिक जीवनमा उपयोग गर्न ।
८. सामाजिक शिष्टचार तथा नियमहरू पालना गर्न ।
९. विभिन्न स्थानीय निकायहरू (वडा, गाविस, नगरपालिका र जिविसको संरचना र कार्य बताउन ।
१०. आफू रहेको वरिपरिको भौगोलिक स्वरूप अध्ययन गरी वर्णन गर्न र नक्सा बनाउने अभ्यास गर्न ।
११. पृथ्वीको संक्षिप्त परिचय दिन र नेपालको भौगोलिक स्वरूपको वर्णन गर्न
१२. छिमेकी राष्ट्रहरूको संक्षिप्त परिचय दिन ।
१३. आफ्नो समुदाय तथा राष्ट्रको ऐतिहासिक पृष्ठभूमि बताउन र ऐतिहासिक वस्तुहरूको खोजी गर्न ।

१४.श्रमको सम्मान गर्न तथा श्रम गर्ने र मितव्ययी हुने बानी बसाल्न ।

१५. स्थानीय स्तरमा रहेका आर्थिक क्रियाकलापको अवलोकन गरी वर्णन गर्न र त्यसको सक्दो सहयोग पुऱ्याउन ।

## ४.१.२ सामाजिक अध्ययन विषयमा भएका विषयवस्तु र क्षेत्र

सामाजिक अध्ययन विषयमा समाविष्ट भएका विषयवस्तुको क्षेत्र व्यापक रहेको छ । यसमा साधारणदेखि ठूला र गम्भीर विषयहरू समाविष्ट छन् । हाम्रो घर परिवार, छिमेकीहरू र तिनका पेसाजस्ता विषयका पाठ्यसामग्री रहेको पाइन्छ, देशको भौगोलिक विभाजन, जात र तिनका पेसा तथा नेपालका प्रशासकको काम, कर्तव्य र अधिकारलाई सामाजिक अध्ययनले स्थान दिएको पाइन्छ । यसमा हाम्रा छिमेकी राष्ट्र र तिनसित हाम्रो सामाजिक सम्बन्धको ज्ञानलाई प्राथमिकता दिइएको छ ।

## एकाइ एक : आफू आफ्नो परिवार र छरछिमेक

बालबालिकाहरूलाई विभिन्न पेशाका बारेमा जानकारी दिने उद्देश्यले यो पाठ राखिएको हो । समुदायमा विभिन्न पेसा, व्यवसाय गरेका मानिसहरू हुन्छन्, कोही खेतिपाती गर्छन् त कोही व्यापार गर्छन् भने कोही सिपमूलक कार्यहरू गर्दछन् भनी विभिन्न पेशाहरू अङ्गालेका उदाहरणहरू सहित चित्रात्मक रूपमा यसको प्रस्तुतीकरण स्पष्ट र सरल रूपमा पाठ्यपुस्तकमा राखिएको पाइएको छ जसमा जम्मा ५ वटा पाठहरू समावेश गरिएका छन् । यो अध्ययनभित्र मेरो छिमेकीको पेशा, छिमेकीहरूसँगको व्यवहार, समुदायको काममा सहयोग, समान व्यवहारका पाठहरू रहेका छन् ।

छिमेकीहरूसँग राम्रो व्यवहार गर्नुपर्छ, कुनै कुरा पत्याउनु भन्दा अगाडि आफूले जाँचेर मात्र लिनुपर्छ । सत्यतथ्य नभएका कुरामा विरोध गर्नुपर्दछ, बोल्ने बेलामा शब्दमा ध्यान पुऱ्याउनुपर्दछ । छिमेकीहरूसँग असल व्यवहार गर्नुपर्दछ र एकले अर्कालाई सहयोग गर्नुपर्दछ । छिमेकीलाई आफ्नै काकाकाकी, दाजुभाइ, दिदीबहिनीको नाताले बोलाउनुपर्छ भनी असल व्यवहारका कुराहरू सचित्र राखिएका छन् । भाषाशैली एवम् प्रस्तुतीकरण स्पष्ट र बुझ्न सकिने किसिमको छ ।

समुदायमा हुने सामुहिक कामहरू सामुदायिक काम हुन् । समुदायका सेवाका लागि विभिन्न संस्थाहरू क्रियाशील हुन्छन् विद्यालय, स्वास्थ्य चौकी, बाटोघाटो, मठमन्दिर, धारा

पाटीपौवा आदि समुदायका सम्पत्ति हुन् । यस सम्पत्तिको उचित सुरक्षा र मर्मत सम्भार गर्नु सबैको कर्तव्य हो भन्ने कुरालाई बालबालिकाहरू समक्ष राखिएको पाइएको छ ।

समान व्यवहार र अरूलाई बुझौँ भन्ने पाठशीर्षक शिक्षक निर्देशिकामा एउटै पाठ छ भने पाठ्यपुस्तकमा बेग्लाबेग्लै रूपमा राखिएको छ । यस पाठले समान व्यवहार र सहानुभूतिपूर्ण व्यवहारसँग सम्बद्ध कुराहरू सिकाएको छ । विद्यालय, टोल छिमेकमा विभिन्न वर्ग धर्म, जात, लिङ्गका मानिसहरू हुन्छन् सबैसँग समान व्यवहार गर्नुपर्ने कुराहरू सिकाएको छ । यसको मूल्याङ्कन पक्ष पनि सरल रूपमा रहेको छ ।

## एकाइ दुई : हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता

यसमा ५ वटा पाठहरूलाई राखिएको छ । हाम्रो परम्परा, हाम्रो भाषा र वेषभूषा, हाम्रा चाडपर्वहरू, हाम्रो देश हाम्रो गौरब, हाम्रा जिल्लाका असल मानिसहरू रहेका छन् । नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न समुदायमा विभिन्न चालचलन, रहनसहन, परम्पराहरू प्रचलित छन् । कतिपय हाम्रो परम्पराहरू अन्धविश्वासमा आधारित छन् भने कतिपय वैज्ञानिक आधार भएका पनि छन् यस पाठले सिकाएअनुसार हामीले राम्रा परम्पराको अनुसरण गरी जानु पर्दछ र बालबालिकालाई असल परम्पराको अनुसरण गर्न प्रेरित गर्नुपर्दछ भन्ने सन्देश दिएको छ ।

यस पाठको मुख्य उद्देश्य हाम्रा चलनहरू बताउनु, परम्पराहरूको सूचि बनाउनु, राम्रा र नराम्रा चाल चलनहरू छुट्याउनु र अन्धविश्वासलाई हटाउँदै राम्रो परम्पराको अनुशरण गर्ने कुराहरूलाई उद्देश्यको रूपमा राखिएको छ । सो बमोजिम पाठमा नेपालको छोटो र मिठो परिचयलाई विद्यार्थीहरू सामु पहिचान गराइएको छ । कतिपय वैज्ञानिक आधारहरू पनि छन् र कति अन्धविश्वासीपन पनि रहेका कुराहरू राखिएका छन् ।

यस पाठमा विद्यार्थीहरूलाई आफ्नो जिल्लाभित्र बोलिने भाषाहरूको सूचि बनाउन लगाइएको छ र जिल्लाभित्र मानिने विभिन्न धर्महरूको विवरणसम्म तयार पार्न लगाइएको छ । विद्यार्थीहरू आफैँलाई खोज कार्यमा लगाइएको छ जसले उनीहरूको बौद्धिक क्षमतामा निखार ल्याइदिएको छ ।

हाम्रो देश सांस्कृतिक विविधताले भरिपूर्ण छ । विभिन्न जातजाति, धर्म र समुदाय अनुसार फरक-फरक चाडपर्वहरू मनाइन्छन् । कुनै चाडपर्वहरू धार्मिक मान्यतासँग

सम्बन्धित छन् त कुनै सांस्कृतिक मान्यतासँग सम्बन्धित छन् । हाम्रा चाडपर्वहरूले सामाजिक सद्भाव कायम गर्न मद्दत पुऱ्याउने हुन्छन् हाम्रो देशमा हरेक महिनामा कुनै न कुनै समुदायमा कुनै न कुनै चाडपर्वहरू परिरहेका हुन्छन् भनी विद्यार्थीहरू समक्ष एउटा विधिको माध्यमद्वारा चाडपर्वहरूको जानकारी गराइएको छ । यसमा चित्रात्मक प्रस्तुतिको भने कमी पाइएको छ ।

राष्ट्रियताको भावनाले भरिएको यस पाठमा विभिन्न राष्ट्रिय गीतका टुक्राहरू दिइएका छन् । त्यस्तै विदेश भ्रमण गएका बेला भएका रमाइला प्रसङ्गहरूलाई जोडेर छोरीलाई बाबुले पत्र मार्फत राष्ट्रियताको पाठ सिकाइरहेको अवस्था पाउन सकिन्छ । नेपालमा गौरव गर्न लायकका धेरै स्थान र वस्तुहरू पनि बताइएका छन् ।

यस पाठको मुख्य उद्देश्य भन्नु नै आफ्नो क्षेत्रको उन्नति र भलाइका लागि काम गर्ने व्यक्तिहरूको पहिचान गर्न सिकाउनु रहेको छ, साथै जिल्लामा असल मानिसले गरेका कार्यहरूको सूचि तयार पार्न सक्ने बताउनु, असल कामको अनुकरण गर्ने प्रेरणा असल मानिसबाट लिने बानी बसाल्ने जस्ता उद्देश्यहरू राखिएका छन् । सोही उद्देश्य बमोजिम असल मानिसका चित्रहरू राखिएको छ । ती चित्रहरूमा रङ्गको भने कमीको अवस्था पाइएको छ ।

## एकाइ तीन : सामाजिक समस्या र तिनको समाधान

यसमा मादक पदार्थ जाँड रक्सी जस्ता पेय पदार्थ पर्दछन् जसको सेवनबाट मात लाग्छ । चुरोट, बिँडी, सुर्ती, खैनी आदि धुम्रपान हुन् । यिनको सेवनले शरीरलाई हानी पुऱ्याउँछ । यस्तै गाँजा, अफिम, चरेश, भाङ आदि लागुपदार्थ हुन् । मादकपदार्थ र लागुपदार्थको सेवनले परिवार र समाजमा अशान्ति फैलन्छ । त्यसैले मादक पदार्थ र लागु पदार्थको सेवनबाट टाढा रहनुपर्छ भन्ने कुराको जानकारी बालबालिकाहरूमा गराइएको छ । यस एकाइ भित्र ६ वटा पाठकहरू समावेश गरिएका छन् जुन कुलतबाट बाँचौं र बचाउऔं, चोरी डकैती र यसबाट बच्ने उपाय, अनावश्यक नक्कल नगरौं, मेलमिलाप, सामाजिक संघ संस्था र हाम्रो स्थानिय निकायहरूको भूमिका रहेका  छन् । यस एकाइको पाठ्यक्रमले मादक पदार्थ र लागुपदार्थको सेवनबाट टाढा बच्ने उपाय सिकाउनु पर्दछ । आफ्नो मौलिकपन र संस्कृति बचाउने बानिको विकास गराउनु पर्दछ । सामाजिक सङ्घ

संस्थाले गर्ने काम खोजी गर्ने बानीको विकास गराउनु पर्दछ भन्ने कुराको विकास गराएको छ ।

समाजमा दिनप्रतिदिन विकृति र विसङ्गतिहरू बढ्दै गइरहेका छन् । यसमा चोरी, डकैती बढेको छ । अरूको अनावश्यक नक्कल गर्ने बानी, मादक पदार्थ र लागुपदार्थको सेवन गर्ने र जुवातास खेल्ने बानीहरू कुलतमा पर्दछन् भनी यसबाट बच्ने उपायहरू बताइएको छ ।

यस पाठमा १,२ वटा रङ्गिन चित्रहरू छन्, जसमा चोरी र डकैती गरेका दृश्यका झलक भएका राखिनु  पर्नेमा यसको कमी देखिएका छन् ।

नेपाल बहुभाषिक वहुसांस्कृतिक, वहुधार्मिक विशेषता भएको देश हो । यसको आफ्नै मौलिक संस्कृति र संस्कार छ । आफ्नै भाषा, सांस्कृति र संस्कारले गर्दा नेपाली मौलिकपनले विश्वमा नै चिनिएको छ । नेपाली लोकगीत, लोकनृत्य, भेषभूषा, मेलापर्व, जात्राको आ-आफ्नै महत्व रहेको छ । मादल, बाँसुरी, पञ्चैबाजा आदि नेपाली बाजा हुन् । आफ्नो कला र संस्कृति नभुलिकन आधुनिक विश्वले विकास गरेका विधि प्रविधिको उपयोग गर्ने नेपालीपन हो भन्ने कुरालाई यस पाठका माध्यमबाट स्पष्ट पारिएको छ ।

यस पाठ शीर्षकमा समाजमा मेलमिलाप गर्न सबैसँग शिष्ट र उचित व्यवहार गर्नुपर्दछ । विद्यार्थीहरूमा जस्तो व्यवहार ल्याउन शिक्षण सिकाइ क्रियाकलाप गराउनु पर्दछ भन्ने कुरालाई विद्यार्थी सामु सरल रूपमा राखिएको छ । हामीले जहिले पनि सकारात्मक सोचाइ राख्ने र सोही अनुरूप व्यवहार गर्नुपर्दछ भनी स्पष्ट रूपमा बताइएको छ ।

यस पाठको उद्देश्य बमोजिम पाठ्यवस्तुमा विषयवस्तुहरू राखिएका छन् । सामाजिक संघ संस्थाहरूको सूचि तयार पार्न लगाइएको छ । केही छोटा प्रश्नहरू दिई र समस्यामूलक प्रश्नहरू दिई विद्यार्थीहरूमा स्वअध्ययन र खोज तथा अन्वेषण विधिको प्रयोग गरिएको छ । कुलतमा फसेकाहरूलाई सहयोग गर्नुपर्ने उपायहरू पनि बताइएका छन् ।

चोरी, डकैती, मादक पदार्थको सेवन, धुम्रपान फजुल खर्च आदिको विकृतिले समाजलाई गाँजेको छ । समाजमा भएका यस्ता विकृतिहरूको अन्त्य नभएसम्म समाजको उन्नति र प्रगति सम्भव छैन । सामाजिक विकृतिबाट बच्न आफैँ सचेत हुन र अरूलाई पनि

सचेत गराई त्यस्ता कार्यमा नलाग्न प्रेरित गर्नुपर्छ भनी जानकारी बालबालिकाहरूमा गराइएको छ । पम्प्लेट, पर्चा र चित्र जस्ता शैक्षिक सामग्रीको प्रयोग गरिएको छ ।

## एकाइ चार : नागरिक चेतना

आफ्नो अधिकार उपयोग गर्न र अरूको अधिकार उल्लङ्घन नगर्ने बानी बसाल्नु पर्दछ । नेपालको अन्तरिम संविधान २०६३ मा नागरिकहरूका लागि मौलिक हकहरूको व्यवस्था गरिएको छ । संविधानको धारा १२ देखि ३२ सम्म समानता, स्वतन्त्रता, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक प्रकाशन प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा संस्कृति सम्बन्धी हक जस्ता अन्य हक र अधिकारको सम्बन्धमा स्पष्ट रूपमा बताइएको छ । यस एकाइमा ६ वटा सब एकाइहरू समावेश गरिएका छन् । जसमा हाम्रो अधिकार, हाम्रा कर्तव्यहरू, हाम्रो राष्ट्रिय सम्पदाको संरक्षण, हाम्रा सामाजिक नियमहरू, जिल्ला विकास समिति र यसका कार्यहरू, समान व्यवहार र आपसी मेलमिलाप समेत रहेका छन् । यस एकाइले आफ्नो अधिकारको उपयोग गर्न र अरूको अधिकार उल्लङ्घन नगर्ने बानी बसाउनु पर्छ, बालबालिकाहरूमा आफ्नो कर्तव्य पालना गर्ने बानी बसाउनुपर्छ, राष्ट्रिय सम्पदाहरू पहिचान गर्ने र संरक्षण कार्यमा सहयोग गर्ने बानीको विकास गराउनु पर्दछ भन्ने कुरालाई सहज रूपमा विद्यार्थी सामु पस्किएको छ ।

बालबालिकाहरूलाई आफ्नो कर्तव्यको पालना गर्ने बानी सिकाइएको छ । अधिकार र कर्तव्यको भिन्नता बताउन सक्ने बनाइएको छ । समाज र राष्ट्रको सेवा गर्नु, सत्य र न्यायको पक्षमा बोल्नु सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नु, कर तिर्नु, नैतिकवान् र चरित्रवान् बन्नु देशको सीमा मिचिँदा त्यसको विरुद्ध आवाज उठाउनु नागरिकका कर्तव्यहरू हुन् भन्ने कुरा बताइएको छ । पढ्न पाउनु हाम्रो नैसर्गिक अधिकार हो भनी त्यसको सचित्र वर्णन गरिएको छ । विद्यार्थीहरूलाई नियम पालना गर्न लगाई उनीहरूले गरे वा नगरेको छुट्याई मूल्याङ्कन गरिएको छ ।

संवर्धनमा विभिन्न स्थानीय र राष्ट्रियस्तरका साना तथा ठूला आयोजनाको भूमिका महत्वपूर्ण हुन्छ भनी ती राष्ट्रिय संरक्षण तथा संवर्धनका लागि सञ्चालित मुख्य आयोजनाहरूको नाम बताउन सक्ने बनाइएको छ । शैक्षिक सामग्रीको रूपमा सांस्कृतिक र

प्राकृतिक सम्पदाको संरक्षण गर्दै गरेको सचित्र बयान गरिएको छ । यसले विद्यार्थीहरूलाई सिकाइ कार्यमा सुनमा सुगन्ध थपिदिएको छ ।

नेपाली समाजमा परम्परादेखि कतिपय राम्रा र नराम्रा सामाजिक नियमहरू चलिआएका छन् । त्यस्ता सामाजिक नियममा राम्रा नियमले निरन्तरता पाउनुपर्छ । सामाजिक नियमको पालना गर्ने र गराउने बानीको विकास गरिएको छ । सामाजिक नियमहरूको पहिचान गराइएको छ । कृषि कार्यमा संलग्न रहिआएको चित्र पनि प्रस्तुत गरिएको छ । विभिन्न समुदायमा प्रचलित ढिकुटी ऐँचोपैँचो गुठीको संक्षिप्त वर्णन गरिएको छ ।

यस पाठ शीर्षकमा पाठ्यवस्तुमा ५ र ६ लाई बेग्लाबेग्लै शीर्षकमा राखिएको छ भने शिक्षक निर्देशिकामा एउटै शीर्षकमा राखिएको छ । नेपाल सरकारले देशलाई ७५ जिल्लामा बाँडेको छ । विकास निर्माणमा सहजता ल्याउन ७५ वटै जिल्लामा जिल्ला विकास समिति राखिएका छन् । तिनले शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी, जलविद्युतको विकासका लागि काम गर्छन् । यस पाठको मुख्य उद्देश्यमा बालबालिकाहरूले आफू बसेको जिल्लाको जिविसको परिचय, संरचना र कार्य बताउन सक्ने योजना बनाइएको छ । यस पाठमा जिविसको बैठकमा छलफल गर्दै गरेको चित्र पनि राखिएको छ । यसैगरी जिल्ला विकास समितिको संरचना पनि तयार पारिएको छ । जिल्ला विकास समितिका कार्यहरू सरल र स्पष्ट रूपमा बताइएको छ ।

यस पाठको विशिष्ट उद्देश्यको रूपमा स्थानीय समुदायका परिचित तथा अपरिचित व्यक्तिसँग शिष्ट व्यवहार गर्न व्यक्तिहरूबीच हुने द्वन्द्वको मध्यस्तता गर्ने सिप विकास गर्नु रहेको छ । यसै अनुरूप यस पाठ्यवस्तुमा नेपाल समाज बहुभाषिक, बहुधार्मिक, बहुजातीय र विविधताले बनेको छ । यस्तो विविधतायुक्त समाज भएकाले स्थानीय समुदायका सबै व्यक्तिसँग चिनजान हुन सक्दैन । बालबालिकाहरूले सबैसँग समान व्यवहार र मेलमिलाप गर्ने बानीको विकास गराउनु पर्दछ । यस पाठमा रङ्गिन चित्रको भने कमी रहेको छ ।

## एकाइ पाँच : हाम्रो पृथ्वी

यस पाठको मुख्य उद्देश्य नेपालको प्राकृतिक स्वरूपको परिचय दिन, हिमाली, पहाडी, तराई प्रदेश देखाई नेपालको नक्सा कोर्न, नेपालको धरातलीय स्वरूप देखाउने नमुना तयार पार्न, विभिन्न भौगोलिक क्षेत्रमा पर्ने स्थान हरूको पहिचान गर्ने क्षमता आर्जन

रहेको छ । पाठ्यवस्तुमा नेपाल विविध प्रकारको भौगोलिक स्वरूप भएको मुलुक हो भनी बताइएको छ । नेपालको उत्तरमा हिमाली प्रदेश रहेको छ । नेपालको मध्यभागमा तराई प्रदेश रहेको कुरा बताइएको छ । नेपालको नक्सा बनाई सचित्र बयान गरिएको छ जसले गर्दा विद्यार्थीहरूलाई बुझ्न सहज र सरल भएको छ । यस पाठमा जम्मा ६ वटा पाठ्यवस्तुहरू समावेश गरिएका छन् । ती पाठहरू नेपालको प्राकृतिक स्वरूप, नेपालको हावापानी र जनजीवन, नेपालको प्राकृतिक वनस्पति र हाम्रो देश माटो, नक्सा बनाउन सिकौं, नक्सामा संकेतहरू भरौं, ग्लोब र नक्शाको प्रयोग गरौं, हाम्रा छिमेकी देशहरूलाई एकाइमा समावेश गरिएको छ ।

यस एकाइले हाम्रो देशको हावापानी सम्बन्धमा सामाजिक जनजीवनको अध्ययन गर्न बालबालिकाहरूलाई प्रेरणा दिएको छ । यसले नक्सामा महत्वपूर्ण स्थलहरू देखाउन र बनाउन प्रेरणा दिएको छ । महाद्विपहरूको परिचय र अवस्थिती सम्बन्धमा विद्यार्थीहरूलाई जानकारी गराएको छ । विद्यार्थीहरूलाई नक्सा र ग्लोबका बीचको फरक जान्न सजिलो तरिका सिकाइएको छ ।

पाठको परिचयको भागमा तराईमा थारु, धिमाल, सतार,राजवंशी, यादव, बाहुन, क्षेत्री जातका मान्छे बसोबास गर्ने कुराहरू बताइएको छ । उनीहरूको आ-आफ्नै मातृभाषा रहेको कुरा पनि बताइएको छ । यहाँका मानिसका मुख्य पेशा र धर्म मान्ने कुराहरू पनि बताइएको छ । हिमाली, पहाडी र तराई प्रदेशका मानिसहरूको भेषभूषा सहितको चित्र प्रस्तुत गरिएको छ ।

यस पाठको विशिष्ट उद्देश्य नेपालमा विभिन्न भौगोलिक क्षेत्रमा पाइने वनस्पतिहरूको नाम र विशेषता बताउन, नेपालका प्राकृतिक वनस्पतिको उपयोगिता बताउन, आफ्नो समुदायका वनस्पति र माटाको पहिचान गर्न सिकाइन्छ । नेपालमा पाइने माटाका प्रकारहरू र तिनको उपयोगिता बताउन, नेपालमा भौगोलिक क्षेत्रअनुसार फरक फरक हावापानी पाइन्छ भन्ने अध्ययन गराइन्छ । हावापानी र वनस्पतिबीच घनिष्ठ सम्बन्ध हुन्छ । यस पाठ ३ र ४ लाई पाठ्यवस्तुमा बेग्लाबेग्लै शीर्षकमा राखिएको छ भने शिक्षक निर्देशिकामा एउटै पाठमा राखिएको छ । नेपालको सबै क्षेत्रमा उस्तै माटो पाइँदैन । तराई क्षेत्रमा मलिलो र खुकुलो पाँगो माटो पाइन्छ त्यसैले त्यहाँ प्रशस्त बाली सप्रिन्छ । पहाडी

क्षेत्रमा रातो, खैरो, फुस्रो माटो पाइन्छ भनी माटोको वर्णन गरिएको छ । विभिन्न रूख विरुवाहरूका चित्र पनि राखिएका छन् ।

यस पाठ शीर्षकलाई पाठ्यपुस्तकमा भने छुट्टाछुट्टै रूपमा राखिएको छ । शिक्षक निर्देशिकामा भने एउटै पाठमा राखिएको छ । नेपालको नक्सा कोर्ने र विभिन्न ठाउँहरू भर्न सिकाइएको छ । नक्सालाई कागजमा उतार्ने विधिहरू बताइएको छ । विभिन्न विधिको प्रयोग गरी नक्सा बनाउन र तथ्यहरू भर्न अभ्यास गराइएको छ । विद्यार्थीहरूलाई नक्सा बनाउन लगाई विभिन्न तथ्यहरू भर्न लगाई उनीहरूको मूल्याङ्कन गरिएको छ ।

यस पाठको मुख्य उद्देश्य ग्लोव र नक्साको छोटो परिचय दिनु, महाद्वीपहरूको पहिचान गर्नु, महासागरहरूको पहिचान गर्नु, ग्लोब र नक्साको प्रयोग पनि रहेको छ । यस पाठ शीर्षकमा ग्लोबको चित्र पनि समावेश गरिएको छ । पाठभित्र पासाङ र शिक्षकको वार्तालाप गराई यसको  परिचय र प्रयोग बताइएको छ । यस पाठभित्र यो वार्तालापलाई तस्विरसहित भने राखिएको पाइएन बालबालिकाहरूलाई ग्लोब र नक्साबीच हुने फरक बताइएको छ साथमा महाद्विप र महासागरबीचको फरक छुट्याइएको छ ।

यस पाठ शीर्षकलाई शिक्षक निर्देशिकामा भने पाठ ८ र ६ लाई एउटैमा राखिएको छ भने पाठ्यवस्तुमा भने ८ र ६ लाई छुट्टाछुट्टै राखिएको छ । यसको विशिष्ट उद्देश्यमा भने छिमेकी मित्र राष्ट्रहरूको भौगोलिक परिचय दिन, छिमेकी मित्रराष्ट्रहरूको सामाजिक र आर्थिक अवस्था बताउन नक्सामा छिमेकी मित्रराष्ट्रहरूको पहिचान गर्न सक्ने कुराहरू रहेका छन् । छिमेकी देशहरूको परिचय दिँदै भुटान, बङ्गलादेश, माल्दिभ्स, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्का पनि हाम्रा छिमेकी देश हुन भनी बताइएको छ । छिमेकी राष्ट्रहरूको संक्षिप्त परिचय दिइएको छ । शैक्षिक सामग्रीको रूपमा नक्साको प्रयोग गरिएको छ ।

## एकाइ छ : हाम्रो विगत

यस पाठको विशिष्ट उद्देश्यको रूपमा आफ्नो समुदायमा भएको ऐतिहासिक विषयको खोजी र संरक्षण गर्ने, आफ्नो घर र समुदायका ऐतिहासिक वस्तुहरू संरक्षण गर्नु हो । हाम्रो समुदायका विभिन्न प्रकारमा ऐतिहासिक वस्तुहरू यत्रतत्र छरिएर रहेका हुन्छन् तिनका बारेमा थाहा नहुँदा वा त्यसको महत्व थाहा नहुँदा त्यस्ता वस्तुहरू नष्ट भइरहेका हुन सक्छन् । विद्यार्थीहरूलाई आफ्नो घरमा भएका मुद्रा, कागजपत्र, मूर्ति, भाँडाकुँडा, चित्र

तथा तस्विरहरू पनि पछि ऐतिहासिक वस्तु हुन सक्छन् भनी जानकारी दिइनेछ । शिलालेख र भित्तेचित्रको पनि सचित्र वयान गरिएको छ ।

यस पाठको मुख्य उद्देश्यको रूपमा आफ्नो समुदायका ऐतिहासिक व्यक्तिको खोजी गरी उनको परिचय दिनु, आफ्नो समुदायका ऐतिहासिक व्यक्तिको योगदान वर्णन गर्नु र उनीबाट प्रेरणा प्राप्त गर्नु रहेको छ । हाम्रो समुदायमा विभिन्न प्रकारका कार्य गरेर ख्याति कमाएका वा राष्ट्र र समाजका निम्ति योगदान दिन सक्ने अभिभावकहरूसँग सोधेर, गाउँ टोलका श्रेष्ठ नागरिकका कहानीहरू वा कुराहरू सुनेर समुदायमा भएका शिलालेखहरू पढेर पुस्तक पढेर बालबालिकहरूले आफ्नो समुदायका ऐतिहासिक व्यक्तित्वका बारेमा जानकारी प्राप्त गर्ने कुरा बताइएको छ । यसमा पनि ७ वटा सब एकाइहरू समावेश गरिएका छन् जसमा हाम्रो ऐतिहासिक व्यक्तित्वहरूको खोजी गर्ने र सम्मान गर्ने कुरा बताइएको छ । राष्ट्रिय विभूत्तिहरूको नाम र योगदान बताउने कुरा सिकाइको रूपमा अपनाइएको छ ।

पाठको परिचयमा नेपाल अहिले जस्तो सिङ्गो राष्ट्र नभएको कुरा उल्लेख गरिएको छ । काठमाडौँ उपत्यकाको बसाइँको सन्दर्भमा बताइएको छ । गोपाल वंश र महिषपालका देशको बारेमा संक्षिप्त रूपमा बताइएको छ । यसको उद्देश्यको रूपमा काठमाडौँ उपत्यकाको उत्पत्तिबारे वर्णन गर्ने, गोपालवंश कालको सामाजिक र आर्थिक अवस्था वर्णन गर्ने, किराँतकालको सामाजिक, आर्थिक अवस्था वर्णन गर्ने कुराहरू रहेका छन् । शैक्षिक सामग्रीको रूपमा गोपालवंशकालीन समाजको चित्रण गरिएको चित्र प्रस्तुत गरिएको छ ।

पाठ चार, पाँच र छलाई एउटै पाठशीर्षकभित्र राखेर यिनीहरूको परिचय बताइएको छ । शिक्षक निर्देशिकामा भने पाठ्यवस्तु अथवा पाठ्यपुस्तकमा भने बेग्लाबेग्लै रूपमा राखिएको छ । यसको मुख्य विशिष्ट उद्देश्यको रूपमा हाम्रा राष्ट्रिय विभूतिहरूको नाम योगदानको परिचय दिनु, पोष्टर तयार पार्नु, चिठी लेख्नु, प्रश्न निर्माण गर्नु,परियोजना कार्य गर्नु, राष्ट्रिय विभूतिबाट प्रेरणा प्राप्त रहेको छ । विगतमा विश्व सामु नेपालको नाम इज्जत बढ्ने काम गर्ने, देश तथा जनताका लागि कार्य गर्ने व्यक्तिहरूलाई राष्ट्रले राष्ट्रिय विभूति घोषणा गरेको छ भनि जनक, सीता, गौतमबुद्ध, अंशुवर्मा, रामशाह, पृथ्वीनारायण शाह, अरनिको, अमरसिंह थापा, वलभद्र कुँवर, भिमसेन थापा, भानुभक्त आचार्य, मोतीराम भट्ट, त्रिभुवन, पासाङल्हामु शेर्पा, फाल्गुनन्द लिङ्देन लगायतका हाम्रा राष्ट्रिय विभूतिहरूले देशका लागि पुर्‍याएको अतुलनीय योगदान उनीहरूलाई बताइ उनीहरूको सम्मान गर्ने बानीको

विकास गर्ने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकमा विभूतिहरूको चित्र पनि समावेश गरिएको छ ।

पाठको परिचयको रूपमा राष्ट्रमा आशिन रहनु भएका अथवा बितिसक्नु भएका राष्ट्रप्रमुख व्यक्तित्वहरूको चित्र राखिएको छ । राष्ट्रप्रमुखले गर्ने काम कर्तव्यमा यी कुराहरू बताइएको छ । यसको मुख्य विशिष्ट उद्देश्य सरकार प्रमुखको छोटो परिचय दिन, सरकारले गर्ने कार्यहरू बताउन, राष्ट्र प्रमुखको संक्षिप्त परिचय दिन र उसले गर्ने कार्यहरू बताउन, राम्रा कार्यहरूको प्रचार गर्नु रहेको छ । यसमा सरकार प्रमुखका मुख्य कार्यहरूको सूचि बनाइएको छ ।

## एकाइ सातः हाम्रो आर्थिक क्रियाकलाप

पाठको परिचयको रूपमा जिल्लामा सञ्चालन हुने विभिन्न सिपमूलक कार्यहरूको वयान गरिएको छ । बालबालिकाहरूलाई आफ्नो जिल्लाका मानिसहरूले गर्ने कार्यहरूको विवरण तयार पार्न लगाइएको छ । कामका आधारमा भेदभाव नगर्ने बरु सबैको सहयोग गर्ने कुराहरू बताइएको छ । स्थानहरू बताउँदै उक्त स्थानमा हुने आर्थिक क्रियाकलापहरू तालिकामा राखिएका छन् । बढी विद्यार्थी र आफू स्वयं संलग्न भई गर्नुपर्ने कुराहरू राखिएका छन् । यसको विशिष्ट उद्देश्य भने आफ्नो जिल्लाका मानिसहरूले गर्ने कामको विवरण तयार पार्ने श्रमको महत्व बताउने, डोल्माको जिल्लासँग आफ्नो जिल्लाको आर्थिक क्रियाकलापको तुलनात्मक अध्ययन गर्ने, आर्थिक क्रियाकलापहरूलाई नक्सामा तयार पार्ने रहेका छन् ।

पाठको परिचयमा खेलका सामग्रीहरू, पुस्तकालयका पुस्तकहरू, सांस्कृतिक कार्यक्रममा प्रयोग हुने लुगाहरू, गरगहना, बाजा, कक्षाकोठामा भएका डेक्स, बेन्च, टेबल, कुर्सी, पार्टी, चक, डस्टर, डस्टविन, कुचो, पत्रपत्रिका, झ्यालढोकाहरू विद्यालयमा प्रयोग हुने सामग्रीहरू बताइएको छ र कक्षाकोठा तथा विद्यालयको सचित्र वर्णन गरिएको छ । हामीले विद्यालयका सामानको जतन, मितव्ययी तरिकाले प्रयोग गर्नुपर्दछ भन्ने कुराको सन्देश दिइएको छ । यसका उद्देश्यहरू विद्यालयमा प्रयोग हुने सामानको सूचि तयार पार्नु, विद्यालयका समानको वर्गीकरण गर्नु, सामानको सही तवरले प्रयोग गर्नु, सामानको जतन गर्नु, सामानको प्रयोगमा मितव्ययिता अपनाउनु हुन् ।

पाठ तीन र चारलाई शिक्षक निर्देशिकाले एउटै पाठ शीर्षक मानी जोडेर एउटै विषयवस्तु राखेको छ भने पाठ्यपुस्तकमा तीन र चारलाई छुट्टाछुट्टै एकाइमा राखी अध्ययन गरिएको छ । यस पाठशीर्षकमा भने दुवैको मूल्याङ्कन गरिएको छ । यसको विशिष्ट उद्देश्यको रूपमा हाम्रो देशमा उत्पादन भएका सामानहरूको पहिचान गर्न स्वदेशी र विदेशी सामानहरू छुट्ट्याउन, स्वदेशी-सामानको प्रयोगबाट हुने फाइदाहरू बताउन, स्वदेशी सामानको प्रयोग गर्ने बानी बसाल्न र अरूलाई पनि प्रयोग गरौँ भनी प्रोत्साहन गर्नु, सहयोग पुऱ्याउनु रहेको छ । यसमा पाठको परिचयमा देशको छोटो परिचय बताइएको छ । स्वदेशी समानहरू र उत्पादन गर्ने स्थानहरू सरल र स्पष्ट रूपमा बताइएको छ । यस एकाइमा जम्मा ५ वटा सब एकाइहरू समावेश गरिएका छन् । यस एकाइमा बालबालिकाहरूलाई आफ्नो जिल्लाका मानिसहरूले गर्ने कामको विवरण तयार गर्ने कामका आधारमा भेदभाव नगर्ने र सकेको सहयोग गर्ने बानीको विकास गर्न सिकाइएको छ ।

पाठको परिचयमा बालबालिकाहरूलाई हाम्रो देशका हिमाल, पहाड, तराई, पूर्व, मध्य, पश्चिम, गाउँ, शहर र अन्य ठाउँका व्यक्तिहरूले गर्ने आर्थिक क्रियाकलापको रूपमा जानकारी गराइएको छ । शैक्षिक सामाग्रीको रूपमा स्वदेशी उत्पादनको क्षेत्र उत्पादन हुने वस्तुहरूको तालिकाको रूपमा देखाइएको छ । साथै केही स्वदेशी उत्पादित सामाग्रीहरूको चित्र देखाइएको छ र चित्र भने त्यति प्रष्ट रूपमा प्रस्तुत गरिएको छैन र यसको विशिष्ट उद्देश्यका रूपमा भने आफ्नो समुदायको आर्थिक क्रियाकलाप बताउनु, तराई, पहाड र हिमालमा गरिने क्रियाकलापको खोजी गर्नु, तुलना गर्नु, गाउँ र शहरमा हुने आर्थिक क्रियाकलापको तुलना गर्नु रहेको छ ।

## ४.१.३ भाषाशैली र प्रस्तुतीकरण

यस पाठ्यसामग्रीमा सरल भाषाशैलीको प्रयोग गरिएको छ जसलाई विद्यार्थीहरूले सजिलै पढ्न र लेख्न बुझ्न समेत सकेका छन् । पाठको प्रस्तुतिकरण सहज रूपमा रहेको छ । प्रत्येक पाठ नै पिच्छे चित्रहरू र संवादहरूलाई समावेश गरिएको छ । पाठमा रङ्गीन चित्रहरूको उपस्थिति भने पाइएको छैन । यसमा विषयवस्तुको विश्लेषणको आधारको रुपमा शैक्षिक र कक्षागत आधारलाई लिइएको छ ।

## ४.१.४ पाठ्यभार वितरण तालिका

प्राथमिक तहको कक्षा ५ को सामाजिक विषयको पाठ्यक्रममा रहेको पाठ्यभार वितरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : पाठ्यभार वितरण तालिका

| क.सं. | क्षेत्र / एकाइ | पाठ्यभार | अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १ | आफू / आफ्नो परिवार र छरछिमेक | १६ | १० |
| २ | हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | २० | १२.५ |
| ३ | सामाजिक समस्या र समाधाान | १४ | ९ |
| ४ | नागरिक चेतना | २४ | १५ |
| ५ | हाम्रो पृथ्वी | २० | १२.५ |
| ६ | हाम्रो विगत | १८ | ११ |
| ७ | हाम्रो आर्थिक क्रियाकलाप | ३२ | २० |
| ८ | स्थानीय विषयवस्तुको अंश | १६ | १० |
| जम्मा | | १६० | १०० |

स्रोतः पा.वि.के.,२०६५

क.स. १ अनुसार आफू/आफ्नो परिवार र छरछिमेक शीर्षकको पाठ्यभार १६ रहेको छ भने अङ्कभार १०% रहेको छ । यसैगरी दोस्रोमा हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता भन्ने शीर्षकको पाठ्भार २० र अङ्कभार १२.५% रहेको छ । सामाजिक समस्या र समाधानको शीर्षकमा २० पाठ्यभार रहेको छ र यसको अङ्कभार भने १२.५ % रहेको छ । त्यसैगरी पुनः चौथो एकाइमा नागरिक चेतना रहेको छ जसको पाठ्यभार २४ रहेको छ र अङ्कभार १५% रहेको छ । पाँचौ एकाइमा हाम्रो पृथ्वी रहेको छ जसको पाठ्यभार २० र अङ्कभार १२.५% रहेको छ । यसैगरी छैटौँ एकाइमा हाम्रो विगत भन्ने पाठशीर्षकमा पाठ्भार १८ र अङ्कभार ११ % रहेको छ । त्यसैगरी सातौँ एकाइमा हाम्रो आर्थिक क्रियाकलाप रहेको छ जसको पाठ्यभार ३२ र अङ्कभार २०% रहेको छ । अन्त्यमा स्थानीय

विषयवस्तुको अंशको पाठ्यभार १६ र अङ्कभार १० % गरी जम्मा पाठ्यभार १६० र अङ्कभार १०० % रहेको छ । पाठ्यक्रम निर्माण गर्ने क्रममा पाठ्यक्रमको उद्देश्य निर्धारण गरेपछि त्यो उद्देश्य पूरा गर्नका लागि तयार पारिएको शिक्षण सिकाइको सङ्गठानात्मक पक्षलाई विषयवस्तु भनिन्छ । निर्धारित उद्देश्य र सिकाइ उपलब्धिको आधारमा विद्यार्थीमा विकास गर्नु पर्ने ज्ञान, सीप र धारणालाई आधार बनाएर के-कस्ता विषयहरू र विषयअन्तर्गत के- कस्ता पाठ्यवस्तु निर्धारण गर्नु पर्दछ भन्ने कुरालाई मध्यनजर गरी वैध र विश्वसनिय रूपमा पाठ्यक्रम निर्माण  गरिन्छ । स्टफलबिमद्वारा प्रतिपादित सि.आइ.पि.पि. नमुनामा भनेअनुसार परिवेशको मूल्याङ्कन गरी विद्यार्थीहरूको चाहनालाई ध्यानमा राखी पाठ्यक्रम निर्धारण गर्नु पर्दछ तर यस पाठ्यभार वितरण तालिका अनुसार जम्मा ८ एकाइले मात्र विद्यार्थीहरूको रूचि, चाहना र इच्छालाई समेट्न सकेको देखिँदैन ।

### ४.१.५ सामाजिक अध्ययन शिक्षणको मूल्याङ्कन प्रक्रिया

शिक्षण सिकाइ क्रियाकलापमा पाठको उद्देश्य कति प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ अध्ययन अध्यापन गरेर पाठबाट विद्यार्थीहरूले के कति ज्ञान लिन सके, कति बुझे भन्ने कुरा थाहा पाउन कक्षाकोठामा निरन्तर मूल्याङ्कन गर्न आवश्यक छ । जसबाट विद्यार्थीहरूको स्तर थाहा पाउनका साथै कमिकमजोरीहरूमा पृष्ठपोषण दिन सकिन्छ । प्राथमिक तहमा विद्यार्थीहरूको मूल्याङ्कन गर्दा पाँच कुराहरूमा ध्यान दिनु पर्दछ । कक्षा कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरी यीनै कुराहरूको अभिलेख राख्नुलाई हामी निरन्तर मूल्याङ्कन भन्दछौं तर यी कार्यहरू पाठ्यक्रममा उल्लेख भए पनि व्यवहारमा भने लागू हुन सकेको देखिँदैन । पाठ्यक्रममा भने यस कार्यलाई अति उत्तम, उत्तम र सामान्य गरी ३ तहमा विभाजन गरिएको छ । ती तीनै तहमा विद्यार्थीहरूको कार्यको अवस्था हेरेर रेजा चिह्न लगाइन्छ र क, ख र ग श्रेणीमा विभाजन गरिन्छ । यसमा ७०% देखि १००% सम्म क श्रेणी, ४०% देखि ६९% सम्म ख श्रेणी र ४०% भन्दा तल ग श्रेणी गरी राखिन्छ तर विद्यालयहरूमा भने मूल्याङ्कन गर्ने आधार शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षालाई नै मानिएको देखिन्छ ।

### ४.१.६ सामाजिक अध्ययन शिक्षणको क्षेत्र र क्रममको अवस्था

सामाजिक अध्ययन शिक्षण विशेष गरेर मानिसको अध्ययन हो जो मानवकै केन्द्रविन्दुमा घुमिरहेको हुन्छ । समाजमा रहँदा मासिनको जीवन प्रणाली रहनसहन

आवश्यकता परिपूर्ति, माया, प्रेम, सद्भाव, घृणा, तिरस्कार जस्ता क्रियाकलाप कसरी सञ्चालित हुन्छन् र तीनको प्रभाव व्यक्ति र समाजमा कसरी पर्दछ भन्ने कुरालाई नजिकैबाट सामाजिक अध्ययन शिक्षाले अध्ययन गर्दछ । हरेक व्यक्तिसँगको सम्बन्धलाई भौतिक र सामाजिक वातावरणको अन्तरिक्रियाको आधारमा अध्ययन गर्नु यस विषयको प्रमुख क्षेत्र हो, यसैलाई क्रमबद्ध रूपमा मिलन गरी अध्ययन गर्नु यसको क्रम हो । सामाजिक अध्ययनको क्षेत्रलाई हामी यसरी पनि अध्ययन गर्न सक्छौं ।

सामाजिक अध्ययनको क्षेत्र बालबालिकाबाट प्रारम्भ भएको पाइन्छ र यसले घर परिवारसम्म विस्तारित हुँदै जाने लक्ष्य लिएको छ । यसले छरछिमेकी, समुदाय, गा.वि.स. तथा नगरपालिका र जिल्लाको सङ्गठनबारे जानकारी गराउने पाठ्यसामग्री राखेको छ । यसले क्षेत्र, राष्ट्र र अन्तर्राष्ट्रियसम्मको परिचय विद्यार्थीलाई गराउँदै लगेको छ । राष्ट्रभित्रका समाजको परिचयबाट राष्ट्रिय भावनाको विकास हुनेछ भन्ने अन्तर्राष्ट्रियको अध्ययनले समसामयिक राजनीति तथा सामाजिक चेतनामा अभिवृद्धि गर्नेछ ।

सामाजिक अध्ययनको मुख्य क्षेत्र भनेको घरपरिवार, छरछिमेक, आफ्नो समाज राष्ट्रिय र अन्तर्राष्ट्रिय पनि हो, यसले विद्यार्थीहरूलाई आफ्नो पारिवारिक समस्यादेखि लिएर अन्तर्राष्ट्रिय परिवेश र समस्याहरू बुझ्न मद्दत गर्दछ तसर्थ, आफ्नो घर परिवारदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका सामाजिक परिवेश बुझेर सो अनुकुल समायोजन हुन सक्ने ज्ञान, सीप र अभिवृद्धि प्राप्त गर्नु यस विषयको प्रमुख अध्ययन क्षेत्र हो । पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुको क्षेत्र र क्रम तालिकालाई भने अनुसूची ५ मा राखिएको छ ।

## ४.२ सामाजिक विषयको शिक्षण विधि

कुनै पनि विषयमा अपनाइने नीति तथा रणनीति नै विधि हो । खास गरी शिक्षा क्षेत्रमा अपनाइने प्रक्रिया नै शिक्षण विधि हो । प्राथमिक तहमा सामाजिक विषयको अध्ययन तथा अध्यापन गराउने सिलसिलामा अबलम्बन गरिने एक प्रकारको रणनीति नै सामाजिक शिक्षण विधि मानिन्छ । प्राथमिक तहमा विशेष गरे विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिइन्छ । यस तहमा कक्षालाई जिवन्त बनाउन र विद्यार्थी क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्दछ । यस तहमा बालबालिकाहरूलाई विभिन्न ज्ञानको आवश्यकता हुँदा उनीहरूलाई व्यावहारिक शिक्षा तथा जिवन उपयोग सीप आजर्न गर्नसक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षा

सिकाई क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री पूर्ण शिक्षण विधिहरू अपनाउनु नितान्त आवश्यक बन्न आएको छ जस अनुसार पाठ्यक्रमले व्यवस्था गरेका विधिहरू र प्रयोगमा रहेका विधिहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ सामाजिक अध्ययन शिक्षाका विधिहरू

विषयवस्तुले निर्दिष्ट गरेका उद्देश्य प्राप्त गर्न तथा विद्यार्थीलाई कुन माध्यमद्वारा ती ज्ञान, सीप, धारणाको हस्तान्तरण गर्ने भन्ने माध्यम नै शिक्षण विधि हो । शैक्षिक सामग्रीहरू पाठ्यपुस्तकका क्रियाकलापहरूको प्रस्तुति गर्ने स्तरीय माध्यम नै शिक्षण विधि हो अथवा शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी रूपमा विद्यार्थी साम् पुऱ्याउन आवश्यक र महत्वपूर्ण साधन हो । सामाजिक अध्ययन विषयमा विभिन्न विषयहरूको मिश्रित रूप रहेको हुन्छ । यो एउटा एकिकृत विषयको रूपमा रहेको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्दछ । प्राथमिक तहको कक्षा ५ को सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको पाठ्यक्रममा व्यवस्था गरिएअनुसार खेल विधि, अभिनय विधि, बालकेन्द्रित विधि, समस्या समाधान विधि, स्थलगत भ्रमण विधि, छलफल विधि र परियोजना विधि रहेका छन् ।

### ४.२.२ सामाजिक विषय शिक्षणमा प्रयोग भइरहेको विधिहरू

सामाजिक अध्ययनले कथा, कविता, नाटक, समाचार, चिठीपत्र, सम्पादकीय, तस्विर, नक्सा जस्ता विधाहरूद्वारा विद्यार्थीहरूका आफ्ना भावना अभिव्यक्त गरून् र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु र विद्यार्थीहरूमा व्यावहारिक परिवर्तन ल्याउनु नै सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । सामाजिक विषय विभिन्न विषयहरूको एकिकृत रूप हो । यसमा विभिन्न विधिहरूको प्रयोग अनिवार्य आवश्यक हुन्छ । यसै कुरालाई मध्यनजर गरी यस शोधपत्रमा नमुना छनोटमा परेका विद्यालयहरू, प्र.अ., शिक्षक, विद्यार्थी स्रोतव्यक्तिलाई गरिएको अन्तर्वार्ता, प्रश्नावली र छलफल विधिबाट प्राप्त सूचना तथा जानकारीहरूलाई यसरी प्रस्तुत गरिएको छ ।

तालिका २ : सामाजिक शिक्षणमा प्रयोग भएका विधिहरू

| क.स. | विधिहरू | प्र.अ. | शिक्षक | विद्यार्थी | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | समस्या समाधान विधि | १ | १ | २ | ४ | १४.२८ |
| २ | बालकेन्द्रित विधि | १ | २ | ५ | ८ | २८.५७ |
| ३. | परियोजना विधि | - | - | - | - | - |
| ४ | छलफल विधि | १ | - | ३ | ४ | १४.२८ |
| ५. | स्थलगत भ्रमण विधि | - | - | - | - | - |
| ६ | खेल विधि | १ | १ | १० | १२ | ४२.८५ |
| | जम्मा | | | | २८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा अवस्था हेरेर जुनसुकै विधिको अबलम्बन गर्न सकिने धारणा स्रोतव्यक्ति महेन्द्र कायस्थले राख्नु भएको छ । उक्त तालिका अनुसार क.स. १ मा समस्या समाधान विधिको प्रयोग गरिएको बताउनेमा १ जना प्र.अ. १ जना शिक्षक र विद्यार्थीहरूलाई गरिएको प्रश्नावलीबाट २ जना विद्यार्थीहरूले सरहरूले यस विधिको प्रयोग गर्नु भएको जानकारी दिए अनुसार जम्मा ४ जनाको सङ्ख्या र १४.२८ % रहन आएको छ । यसैगरी बालकेन्द्रित विधिको १ जना प्र.अ., २ जना शिक्षक र ५ जना विद्यार्थीहरू गरी जम्मा ८ जनाको सङ्ख्या रहेको छ, यसको जम्मा २८.५७% हुन आएको छ । त्यसैगरी क.स. तेस्रोमा परियोजना विधि रहेको छ । यसको प्रयोगको सम्बन्धमा सबै मौन रहेको अवस्था देख्न सकिन्छ । यसैगरी पुनः चौथो विधिको रूपमा छलफल विधि रहेको छ । जसमा १ जना प्र.अ र ३ जना विद्यार्थीहरूले आफ्नो धारणा व्यक्त गर्नु भएको छ, शिक्षक भने यस विषयमा मौन रहनु भएको छ यसको जम्मा सङ्ख्या ४ रहेको छ, प्रतिशत भने १४.२८ हुन आएको छ । अब पाँचौ क.स.मा भने स्थलगत भ्रमण विधि रहेको छ जसको सम्बन्धमा झन्झटिलो, खर्चिलो र विद्यार्थीहरू परिपक्व बनिसकेको अवस्था नहुँदा यसको प्रयोग त्यति फलदायी नभएकाले यसको प्रयोगमा शून्यता देखापरेको बताउनु हुन्छ र अन्त्यमा खेल विधि रहेको छ यसको प्रयोगको सम्बन्धमा आफ्नो धारणा राख्नेहरूमा १ जना प्र.अ., १ जना

शिक्षक र १० जना विद्यार्थीहरू गरी जम्मा सङ्ख्या १२ हुन आएको छ यसको प्रतिशत ४२.८५ रहेको छ जसअनुसार यसको जम्मा प्रयोगकर्ता २८ र प्रतिशत १०० रहेको छ । यस तालिकाको अवस्थालाई हेर्दा सामाजिक अध्ययन शिक्षणमा विभिन्न विधिहरू भए पनि यसको प्रयोगको अवस्था कतिपय ठाउँहरूमा शून्य रहेको छ । मूल्याङ्कनकर्ताहरूले यस विषय प्रति चनाखो रहनु पर्ने अवस्था देखिएको छ । स्टफलविमले भने जस्तै कुनै पनि विषयवस्तुको मूल्याङ्कन गर्न त्यसको परिवेश प्रक्रियाको अध्ययन गर्नुपर्दछ र कार्यक्रम के कति सफल भयो जाँच तथा आकलन गर्नुपर्दछ तर यहाँ यो अवस्था रहेको पाइएन । तालिकाबाट प्राप्त नतिजा र स्टफलविमद्वारा प्रतिपादित प्रक्रिया मूल्याङ्कन वीचको सम्बन्धमा मेलको अवस्था रहेको देखिएन ।

### ४.२.३ सामाजिक विषयमा उपयुक्त शिक्षण विधिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

शिक्षण सिकाइ क्रियाकलापलाई सरल सहज र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृति हेरी अवलम्बन गरिने रणनीति वा प्रक्रिया नै शिक्षण विधि हो । शिक्षण विधि भनेको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाई विद्यार्थीहरूको सिकाइमा परिवर्तन ल्याउने अभिन्न अङ्ग हो यसले विद्यार्थीहरूको सिकाइमा, व्यवहारमा परिवर्तन गरी शैक्षिक उपलब्धिमा समेत महत्वपूर्ण प्रभाव पार्दछ । उपयुक्त शिक्षण विधिले शैक्षिक उपलब्धिमा वृद्धि गराउँदछ भने उपयुक्त शिक्षण विधिको कमीले शैक्षिक अवस्थामा ह्रास ल्याउँदछ । यस शोधपत्रको नमुना छनौटमा रहेका विद्यालयहरूबाट प्राप्त जानकारी अनुसार यी विद्यालयहरूमा उपयुक्त शिक्षण विधिले पारेको प्रभावलाई यसरी हेर्न सकिन्छ ।

तालिका ३ : उपयुक्त शिक्षण विधिले शैक्षिक उपलब्धिमा पारेका प्रभाव

| क्र.स. | विद्यालयको नाम | प्रयोग गरिएका शिक्षण विधि | शैक्षिक उपलब्धि |
|---|---|---|---|
| १ | श्री शारदा बालिका उ.मा.वि. | बालकेन्द्रित र छलफल विधि | ८७.७३% |
| २ | श्री चन्द्र संस्कृत उ.मा.वि. | समस्या समाधान विधि | ७७.६४ % |
| ३ | श्री शिक्षा सदन उ.मा.वि. | खेल विधि र बालकेन्द्रित विधि | ८०.३३ % |
| ४ | श्री धरान पब्लिक उ.मा.वि. | खेल विधि र बालकेन्द्रित विधि | ८८.६८ % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा राखिएको शैक्षिक उपलब्धि निकाल्नका लागि निम्न सूत्रहरूको प्रयोग गरिएको छ :

$$\text{शैक्षिक उपलब्धि} = \frac{\text{सामाजिक विषयको कुल प्राप्ताङ्क}}{\text{पूर्णाङ्क} \times \text{विद्यार्थी संख्या}} \times १००$$

अथवा

$$\text{शैक्षिक उपलब्धि} = \frac{\text{औषत प्राप्ताङ्क}}{\text{पूर्णाङ्क}} \times १००$$

माथि उल्लेखित तालिका अनुसार २०६९ सालको सामुदायिक विद्यालयहरू अर्न्तगतको कक्षा ५ को प्रत्येक विद्यालयका ५ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धिलाई हेर्दा श्री शारदा बालिका उ.मा.वि.ले बालकेन्द्रित र छलफल विधि अपनाउँदा विद्यार्थीहरूले सामाजिक विषयमा ल्याएको औषत प्राप्ताङ्क ६५.८ रहेको छ, जसलाई शैक्षिक उपलब्धिको सूत्रमा राखी हेर्दा ८७.७३ % रहेको देखिन्छ । त्यसैगरी दोस्रो विद्यालयको रूपमा चन्द्र संस्कृत उ.मा.वि.का विद्यार्थीहरूको औषत प्राप्ताङ्क ५८.२३ रहेको छ, जसलाई शैक्षिक उपलब्धिको सूत्रमा हेर्दा ७७.६४% देखिन्छ । त्यसैगरी श्री शिक्षा सदन उ.मा.वि.तर्फ औषत प्राप्ताङ्क ६०.२५ रहेको छ । जसलाई शैक्षिक उपलब्धिमा गणना गर्दा ८०.३३% रहेको देखिन्छ र अन्त्यमा धरान पब्लिक उ. मा.वि. तर्फको औषत प्राप्ताङ्क ६६.५१% रहेको छ, जसलाई शैक्षिक उपलब्धिमा गणना गरी हेर्दा ८८.६८% रहन आएको देखिन्छ । तसर्थ माथिको तालिकाको अध्ययनलाई हेर्दा सबैभन्दा बढी धरान पब्लिक उ.मा.वि.ले प्रयोग गरेको खेल विधि र बालकेन्द्रित विधिले ल्याएको शैक्षिक उपलब्धिको प्रतिशत ८८.६८% रहेको छ र सबैभन्दा कम शैक्षिक उपलब्धि ७७.६४ % रहेको छ र बाँकी दुई स्कुलहरूको शैक्षिक उपलब्धि सन्तोषजनक रहेको छ । सबै विद्यालयमा शिक्षण विधिहरूको प्रयोग भए पनि कुनैमा बढी शैक्षिक प्रतिशत कुनैमा कम प्रतिशत हुनुमा विभिन्न कारणहरू हुन सक्छन् । यस विधिको प्रस्तुतीकरण विद्यार्थीको अवस्था, शिक्षकको दक्षता जस्ता मूल्याङ्कनमा केही कमी रहेको अवस्था देखिएको छ । कार्यक्रम कार्यान्वयन पछि के कस्तो उद्देश्यहरू हासिल भयो, कस्तो नतिजा आयो, त्यो नतिजाले कस्तो उपलब्धि

ल्यायो भनी अध्ययन गर्दा सोही रूपमा नतिजाको मूल्याङ्कन गरी त्यसको उपलब्धि आएको पाइयो कुनै कुनै विद्यालयमा थोरै उपलब्धिमा कमी आए पनि यसको प्रयोग भईरहेको अवस्था देखिन्छ ।

## ४.३ सामाजिक अध्ययन विषयलाई प्रभावकारी बनाउने उपायहरू

सामाजिक अध्ययन एक खोजमूलक र अनुसन्धानमूलक विषय भएकाले यसलाई प्रभावकारी बनाउन विद्यार्थीहरू माझ विभिन्न विधि, प्रक्रिया तथा विषयवस्तुहरू राखिनु पर्ने कुरामा नमुना छनौटमा परेका प्र.अ., शिक्षक, स्रोतव्यक्ति तथा विद्यार्थीहरूको आ-आफ्नो धारणा रहेको पाइयो जसलाई तलको तालिकामा देखाइ व्याख्या तथा विश्लेषण गरिएको छ ।

तालिका ४ : सामाजिक विषयलाई प्रभावकारी बनाउने उपायहरू

| क्र.स. | प्रभावकारी बनाउने उपायहरू | प्र.अ. | शिक्षक | स्रोतव्यक्ति | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | समसामायिक विषयवस्तु राखिनु पर्ने | २ | १ | - | ५ | ८ | २७.५८ |
| २ | चित्र, नक्सा रङ्गिन राखिनु पर्ने | १ | १ | - | ८ | १० | ३४.४८ |
| ३ | प्रयोगशालाको व्यवस्था हुनुपर्ने | १ | १ | - | ५ | ७ | २४.१३ |
| ४ | शिक्षक निर्देशिका र पाठ्यक्रमको व्यवस्था हुनुपर्ने | | १ | - | | १ | ३.४४ |
| ५ | विषयवस्तु र क्रमबद्धता मिलेको हुनुपर्ने | - | - | १ | २ | ३ | १०.३४ |
| | जम्मा | ४ | ४ | १ | २० | २९ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७०

माथि प्रस्तुत तालिका अनुसार सामाजिक विषयलाई प्रभावकारी बनाउने उपायहरूको सन्दर्भमा गरिएको सर्वेक्षणअनुसार नमुना छनैटमा परेका जम्मा २९ जनामध्ये समसामयिक विषयवस्तु राखिनु पर्ने विषयमा अहिले बढ्दै गरेको प्रविधि र समयको मागलाई पूरा गर्न सक्षम भविष्यमा प्रतिस्पर्धामा आउन सक्ने खालका विषयवस्तु राखिनु पर्ने सन्दर्भमा २ जना प्र.अ., १ जना शिक्षक र ५ जना विद्यार्थीहरू गरी जम्मा ८ जनाले आफ्नो

धारणा व्यक्त गरेका थिए, जसलाई प्रतिशतमा गणना गर्दा २७.५८% हुन आउँछ । यसैगरी चित्र, नक्सा रङ्गीन राखिनु पर्छ भन्ने सन्दर्भमा १ जना प्र.अ., १ जना शिक्षक, ८ जना विद्यार्थीहरू गरी जम्मा १० जनाको सङ्ख्या रहेको छ जसलाई प्रतिशतमा लैजाँदा ३४.४८% हुन आएको छ । त्यसैगरी सामाजिक विषयको प्रयोगशालाको व्यवस्था गरिनुपर्ने विषयमा आफ्नो धारणा १ जना प्र.अ., १ जना शिक्षक र ५ जना विद्यार्थीहरू गरी जम्मा ७ जनाले व्यक्त गरेका छन् जसलाई प्रतिशतमा गणना गर्दा २४.१३ % हुन आएको छ । त्यस्तै शिक्षक निर्देशिका र पाठ्यक्रमको व्यवस्था गरिनु पर्ने विषयलाई वेवास्ता गर्न नहुने भनी १ जना शिक्षकले आफ्नो प्रतिक्रिया व्यक्त गर्नुभयो जसलाई प्रतिशतमा हेर्दा ३.४४ हुन आउँछ र अन्त्यमा विषयवस्तु र क्रमबद्धता मिलेको हुनुपर्ने विषयका सन्दर्भमा भने १ जना स्रोतव्यक्तिले आफ्नो धारणा व्यक्त गर्नु भएको छ । अरू विषयको सन्दर्भमा भने वहाँले कुनै पनि प्रतिक्रिया दिनु भएको छैन । यो प्राथमिक कक्षाको उमेर परिपक्व भइनसकेको हुँदा उनीहरूको परिपक्वता र सिकाइ पक्षलाई ध्यानमा राखी उपयुक्त कार्यक्रम गर्न सकिने छ तर सर्वप्रथम विषयवस्तुमा एकरूपता र क्रमबद्धता हुन आवश्यक रहेको वहाँ बताउनु हुन्छ । यसरी नै यस विषयवस्तुमा आफ्नो धारणा जम्मा २९ जनाले व्यक्त गरेका थिए जसको प्रतिशत १०० रहन आएको छ ।

कुनै पनि कार्यक्रम सफल हुनका लागि त्यस कार्यक्रमको परिवेशको अवस्था, लगानीको अवस्था र प्रक्रियाको अवस्था सवल हुनु पर्दछ । विद्यार्थीहरूको इच्छा आकाङ्क्षालाई ध्यानमा राखी पाठ्यक्रम निर्माण गरिनु पर्दछ । यस तालिका अनुसार पाठ्यपुस्तकभित्र र बाहिर केही सुधार गर्नुपर्ने कुराहरू रहेका छन् । केही विषयवस्तु थप गर्नुपर्ने आजको आवश्यकता बन्न आएको छ । स्टफलविमले भनेजस्तै मूल्याङ्कन पक्षलाई सबल बनाउन परिवेश मूल्याङ्कन, प्रक्रिया मूल्याङ्कन, लगानी मूल्याङ्कन र उत्पादन मूल्याङ्कनमा ध्यान दिनुपर्ने अवस्था देखिन्छ । प्रत्येक पाँच वर्षमा गरिने पाठ्यक्रम परिमार्जनमा नयाँ-नयाँ विषयवस्तुहरू राखिनु पर्ने देखिन्छ ।

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस शोधपत्रको अध्ययन तथा अनुसन्धान पछि यस क्षेत्रभित्र निश्चय पनि सबल र दुर्वल पक्षहरू अगाडि देखा पर्नेछन् । तिनै पक्षहरूलाई सुझाव, निष्कर्ष र प्राप्तिको रूपमा लिन सकिन्छ । यस शोधपत्रको उद्देश्यको रूपमा अध्ययन गर्दा प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थीहरूबाट प्राप्त भएको सूचना तथा जानकारी अनुसार प्राप्ति, निष्कर्ष र सुझावहरूलाई यस प्रकार प्रस्तुत गरिएको  छ ।

### ५.१ प्राप्ति

प्रस्तुत शोध अध्ययनमा राखिएका उद्देश्यअनुसारको खोज तथा सर्वेक्षण गर्दा कक्षा ५ को सामाजिक विषयभित्र केही थप विषयवस्तुहरू राखिनुपर्ने अवस्था रहेको पाइयो । प्रत्येक स्कुलमा शिक्षक निर्देशिका र पाठ्यक्रमको व्यवस्था पाठ्यक्रम विकास केन्द्रले गरे पनि शिक्षकहरूले त्यसको प्रयोग सन्तोषयजनक रूपमा नगरको पाइयो । पाठ्यक्रमभित्रका चित्रहरू स्पष्ट र रङ्गीन नभएको हुँदा विद्यार्थीमा विषयवस्तुप्रति खासै आकर्षण भएको पाइएन । विषय शिक्षक, प्र.अ. र विद्यार्थीहरूले बताएअनुसार उपयुक्त शिक्षण विधिहरू अपनाइएको पाइयो तर कुनै-कुनै विधिहरूको प्रयोगको अवस्था भने शून्य रहेको पाइयो । उपयुक्त विधिहरूको प्रयोगबाट उपयुक्त शैक्षिक उपलब्धि समेत देखापरेका पाइयो । यसैगरी सबैभन्दा बढी प्रतिशत शैक्षिक उपलब्धि धरान पब्लिक उ.मा.वि.को रहेको पाइयो भने कम शैक्षिक उपलब्धि श्री चन्द्र संस्कृत उ.मा.वि. को पाइयो । उपयुक्त विधिको प्रयोग भएपनि यसबाट शैक्षिक उपलब्धिमा त्यति राम्रो प्रभाव परेको स्थिति पाइएन । विद्यार्थीहरूमा गरिएको प्रश्नावलीका माध्यमबाट सबैभन्दा बढी रूचि विद्यार्थीहरूको खेल विधिमा रहेको पाइयो जसको जम्मा सङ्ख्या १२ र ४२.८५% रहेको थियो । यसैगरी सामाजिक विषयलाई प्रभावकारी बनाउने उपायहरूको सन्दर्भमा गरिएको प्रश्नावलीमा प्र.अ. १ जना, शिक्षक १ जना, विद्यार्थी ८ जना गरी जम्मा १० जनाले रङ्गीन चित्र र नक्सा विषयवस्तुभित्र राखिनुपर्ने बताएको पाइयो । जसको प्रतिशत सबैभन्दा बढी ३४.४८% रहेको थियो । यसैगरी शिक्षक निर्देशिका र पाठ्यक्रमको प्रयोग गर्नुपर्नेमा सबैभन्दा कम ३.४४% रहेको पाइयो । यस विषयमा शिक्षक निर्देशिका र पाठ्यक्रम दिनदिनै हेर्न र प्रयोग गर्न झन्झट हुन्छ भनी अन्य व्यक्तिहरूले कुनै प्रतिक्रिया राखेको पाइएन । सामाजिक विषय प्रयोगात्मक विषय भएको हुँदा यस विषयका शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापनका लागि

प्रयोगशाला कक्षको कमी रहेको पाइयो । विद्यार्थीहरूको उपस्थिति अनुसार पाठ्यपुस्तकको उपलब्धि रहेको पाइयो । विद्यार्थीहरूको मूल्याङ्कन गर्ने आधार भने वार्षिक परीक्षा नै रहेको पाइयो । सामाजिक अध्ययन शिक्षा विषयको अध्यापन आफ्नै विषय शिक्षकद्वारा नभएको पाइयो ।

## ५.२ निष्कर्ष

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । पाठ्यक्रममा उल्लेखित उद्देश्य हासिल गर्न उद्देश्य र विषयवस्तुको प्रकृतिअनुसार विभिन्न किसिमको शिक्षण विधि तथा सामग्रीको प्रयोग गरी शिक्षण कार्य गर्नुपर्दछ जुन कार्यले गर्दा विद्यार्थीहरूलाई व्यावहारिक कार्यमा सक्रिय बन्न मद्दत पुग्दछ ।

यस अध्ययनको क्रममा प्राथमिक तहको कक्षा ५ को सामाजिक विषयको मूल्याङ्कन गर्दा शोधपत्रको उद्देश्य बमोजिम नमूना छनौटमा परेका धरान स्रोतकेन्द्रबाट सञ्चालित ४ वटा विद्यालयहरू, विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीबाट प्राप्त सूचना तथा जानकारीका साथै प्रत्यक्ष अवलोकन विधिद्वारा हेर्दा सामाजिक विषय प्रयोगात्मक विषय हो जसमा विषयवस्तु थोरै एवम् खोज र अनुसन्धान धेरै गर्नुपर्ने आवश्यकता देखिन्छ । पाठ्यक्रमले राखेको विषयवस्तुले मात्र विद्यार्थीको रूचि, इच्छा, आकाङ्क्षालाई समेट्न नसकेको देखिन्छ ।

आजको आधुनिक प्रविधिको युगमा वैज्ञानिक ढङ्गले अपनाइएका विधि, प्रक्रिया तथा रणनीतिहरू सामाजिक विषयका विषयवस्तुमा समावेश गरेको देखिँदैन । विषयवस्तुभित्रका चित्र, नक्सा रङ्गीन र आकर्षक नभएको देखिन्छ । कक्षाकोठामा विद्यार्थीको मूल्याङ्कन गर्ने साधन बार्षिक परीक्षा मात्र भएको देखिन्छ, शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यवस्तुबीचको तालमेल त्यति नमिलेको अवस्था देखिन्छ । सामाजिक विषयमा विभिन्न सेमिनार, गोष्ठी, सभा, सम्मेलन र आधुनिक प्रविधिको कमी रहेको देखिन्छ । चारवटै विद्यालयहरूमा शिक्षण विधिहरूको प्रयोग भए पनि अन्य आवश्यक स्थलगत भ्रमण विधि, परियोजना विधिको प्रयोगको अवस्था भने शून्य देखिन्छ । सामाजिक अध्ययन विषय सामाजिक ज्ञानबाट विषयवस्तु ग्रहण गरिने भएकाले एकीकृत र समन्वयात्मक रूपमा रहेको छ । सामुदायिक विद्यालयहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिका भए पनि यसको प्रयोगको अवस्थामा भने चिन्ताजनक स्थितिमा रहेको देखिन्छ । यसको प्रयोग दैनिक व्यवहारमा

झन्झटिलो भएकाले खासै प्रयोगमा नरहेको विभिन्न व्यक्तिहरू बताउँछन् । सबै विद्यालयहरूमा शिक्षण विधि अपनाउँदा पनि एकै प्रकारको नतिजा प्राप्त नभएको देखिन्छ । समाजिक विषयमा स्टफलविमले बताएअनुसार परिवेश मूल्याङ्कन र उत्पादन मूल्याङ्कनमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । समग्रमा भन्नुपर्दा शैक्षिक अवस्थालाई हेर्दा धरान पब्लिक उ.मा.वि.को शैक्षिक उपलब्धि प्रतिशत सबैभन्दा बढी सन्तोषजनक रहेको देखिन्छ भने चन्द्र संस्कृत उ.मा.वि. को शैक्षिक उपलब्धि भने अन्य विद्यालयहरूको तुलनामा कमजोर रहेको देखिन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनको शीर्षकअनुरूप राखिएका उद्देश्यहरूलाई पूरा गर्न उत्तरदाताहरूबाट प्राप्त भएका सूचना, प्रतिक्रिया र विचार विमर्शहरूको व्याख्या, विश्लेषणका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तहका लागि सूझाव

सामाजिक अध्ययन शिक्षण विषयमा थोरै विषयवस्तु र धेरै समसामयिक कुराहरू राखिने हुँदा यस विषयवस्तुलाई विद्यार्थीहरू सामु सहज र सरल रूपमा प्रस्तुत गराउनका लागि जिल्ला शिक्षा कार्यालयले शिक्षकहरूलाई समय-समयमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार तथा आधुनिक प्रविधिको प्रयोग सम्बन्धमा नयाँ नीति तथा नियम लागू गर्नुपर्ने आवश्यकता देखिन्छ । पाठ्यक्रम विकास केन्द्रले शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यवस्तुबीच तालमेल गराउन सक्ने खालका विषयवस्तु समावेश गराउनु पर्दछ । शिक्षा विभागले समय समयमा शिक्षासम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गर्नुपर्दछ ।

### ५.३.२ अभ्यास तहका लागि सुझाव

पाठ्यक्रम विकास केन्द्रले विद्यालय स्तरका बालबालिकाको स्तर, परिवेश, रूचि, इच्छा, आकाङ्क्षा हेरी पाठ्यपुस्तकको प्रकाशन गर्नुपर्ने आवश्यक देखिन्छ । विद्यालयका प्र.अ. तथा शिक्षकहरूले रसिला, मनोरञ्जन प्रदान गर्ने स्थानहरूको चित्र बनाउन प्रेरित गर्ने कार्यमा निरन्तरता दिनुपर्ने देखिन्छ । विद्यालयले सक्ने भएमा त्यस तहका छात्रछात्रालाई रूचि हुने पत्रपत्रिका, पुस्तिका, नक्सा र शिक्षणलाई प्रभाव पार्ने ऐतिहासिक पुरुषका तस्विरहरू एक कोठामा झुन्ड्याउन लगाउनु पर्ने देखिन्छ र ती तस्विरबाट प्रभावित

विद्यार्थीलाई त्यस्ता व्यक्तिका जीवनीबारे संक्षिप्त जानकारी गराउनुपर्ने आवश्कता देखिन्छ। विद्यार्थीको तह हेरी उनका दिमागले टिप्न सक्ने महापुरूषले गरेका कामको सूची बनाई भित्तामा टाँस्ने व्यवस्था गरिनु उचित कार्य देखिन्छ।

## ५.३.३ अनुसन्धान तहका लागि सुझाव

प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन सम्बन्धमा देखिएका समस्या समाधान गर्न अनुसन्धान कार्य सिद्ध हुने देखिन्छ। तथापि यस अध्ययनले अनुसन्धान कार्य पूर्ण भने हुन सक्दैन यस अनुसन्धानको अध्ययन अन्य धेरै पक्षहरूबाट गर्नुपर्ने देखिन्छ। यस समस्यासँग सम्बन्धित रहेका अन्य धेरै विषयवस्तुहरू पनि हुन्छन् जसमा केही विषयवस्तुहरूमा अनुसन्धान पनि भएको हुन सक्छ। यस अध्ययनमा प्राप्त भएका केही समस्या तथा विषयवस्तुका आधारमा सामाजिक अध्ययनमा भएका सामज कल्याणको पक्ष र तिनको व्यावहारिकता र सामाजिक अध्ययनमा रहेका पाठ्यसामग्री र तिनको प्रयोग पक्षको अध्ययन विषय नयाँ शोधकर्ताका लागि अनुसन्धानको आवश्यक विषयवस्तु बन्न सक्ने देखिन्छ।

# सन्दर्भ सूची


अधिकारी, विष्णु (२०६९), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौंः आशिस बुक्स प्रा.लि. ।

कैयुम, अब्दुल (२०६२), *सामाजिक अध्ययन शिक्षा,* काठमाडौंः प्रशान्ति पुस्तक भण्डार ।

कैयुम, अब्दुल र अन्य (२०६६), *सामाजिक अध्ययन* (माध्यमिक तह स्वाध्ययन सामग्री, तेस्रो संस्करण), भक्तपुरः नेपाल सरकार, शैक्षिक जनशक्ति विकास केन्द्र ।

तिवारी, उमा (२०६९), *सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको विषयवस्तुको अवस्था* (अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह) इटहरी : जनता बहुमुखी क्याम्पस ।

न्यौपाने, विनोद (२०७०), *प्राथमिक शिक्षक दर्पण,* काठमाडौंः बौद्धिक दपर्ण प्रकाशन ।

पा.वि.के. (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : लेखक ।

पा.वि.के. (२०६८), *मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला कक्षा ५,* सानोठिमीः लेखक ।

बि.सी., सीतादेवी (२०६९), *सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन* अप्रकाशित शोधपत्र, मोरङ : सुकुना बहुमुखी क्याम्पस ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०६०), *प्राथमिक शिक्षा,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ (२०६७), *पाठ्यक्रम मूल्याङ्क्न,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, डण्डपाणी र शर्मा, दिवाकर (२०६९), *शिक्षक सेवा दिग्दर्शन,* काठमाडौंः प्रज्ञान प्रकाशन प्रा.लि. ।

सुब्बा, रणधीर र अन्य (२०४०), शाही उच्च शिक्षा आयोगको प्रतिवेदन, काठमाडौंः शाही उच्च शिक्षा आयोग ।

सोती, रामचन्द्र (२०६३), *मूल्याङ्कन प्रविधिको प्रयोग,* (माध्यमिक तहको सामाजिक शिक्षा विषयमा)ः एक अध्ययन अप्रकाशित शोधपत्र (स्नातकोत्तर तह) कीर्तिपुरः पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि., शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस ।

Long, Carral (1998), *Nepal Human Development Report*, Kathmandu: Nepal south Asia Center.

Rana, Swayam Prakash J.B. (2012), *Educational Psychology*, Kathmandu: Bidyarthi Prakashan Pvt. Ltd.

## प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

## अनुसूची -१ :प्र.अ.का लागि प्रश्नावली

स्नातकोत्तर तहको पाठ्यक्रम विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको शोधपत्रलाई औपचारिकता प्रदान गर्नको लागि तल सोधिएका प्रश्नावलीहरूको उत्तर प्रदान गरिदिनु हुनका लागि सविनम्र अनुरोध गर्दछु । साथै आफूलाई उपयुक्त लाग्ने भनाईको अगाडिका खालि कोठामा रेजा (√) चिन्ह लगाउन समेत अनुरोध गर्दछु ।

१) तपाईले विद्यालयमा सामाजिक शिक्षा विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध गराउनु भएको छ ?

छ ☐ छैन ☐

२ शिक्षक निर्देशिकामा भएका कुराहरूलाई पूरा गर्न के ठान्नुहुन्छ ?

सम्भव ☐ असम्भव ☐

३ तपाईको विचारमा प्राथमिक तहमा पढाइ हुने सामाजिक विषयको पाठ्यपुस्तक कुन स्तरीय छ ?

.......................................................................................................................

४ विषयवस्तुको प्रस्तुति संगठन कस्तो छ ?

.......................................................................................................................

५ निरन्तर मूल्याङ्कन प्राणाली आवश्यक छ ?

.......................................................................................................................

६ तपाईले कुनै सभा सेमिनार गोष्ठीमा भाग लिने मौका पाउनु भएको छ ?

.......................................................................................................................

७ तपाईको विद्यालयमा सामाजिक विषयका शिक्षकहरू तालिम प्राप्त हुनुहुन्छ ?

.......................................................................................................................

८ तपाईको विद्यालयमा कक्षाकोठामा शिक्षण गर्दा विशेष गरी शिक्षकहरूले कुन कुन विधि अपनाउने गर्नु भएको छ ?

.......................................................................................................................

९ यस विषयलाई अझ प्रभावकारी बनाउने उपायहरू के के हुनसक्छन् ?

.......................................................................................................................

## प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

### अनुसूची-२ : स्रोत व्यक्तिको लागि अन्तर्वार्ता सूची

स्नातकोत्तर तहको पाठ्यक्रम विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको शोधपत्रलाई औपचारिकता प्रदान गर्नको लागि तल सोधिएका प्रश्नावलीहरूको उत्तर प्रदान गरिदिनु हुनका लागि सविनम्र अनुरोध गर्दछु ।

१ तपाईको स्रोत केन्द्रमा कतिवटा विद्यालय पर्दछन् ?

.................................................................................................................

२ तपाईले कक्षा ५ को सामाजिक विषयको अध्ययन गर्नु भएको छ ?

छ ☐ छैन ☐

३ पाठ्यक्रम अनुसार नै पाठ्यपुस्तक निर्माण भएको छ ?

छ ☐ छैन ☐ आंशिक छ ☐

४ कुन स्तरीय खालको छ ?

.................................................................................................................

५ विषयवस्तुको क्षेत्र क्रम र व्यवहारिकता कस्तो छ ?

स्तरीय ☐ सन्तोषजनक ☐ सामान्य ☐

६ सामाजिक विषयका विषयवस्तुको स्थिति कस्तो छ ?

.................................................................................................................

७ यहाँको स्रोतकेन्द्र भित्रका सबै विद्यालयमा कक्षा ५ का सामाजिक विषयका विषय शिक्षकहरू तालिम प्राप्त छन् ?

.................................................................................................................

८ सामाजिक विषयमा कस्ता खालका शौक्षिक सामग्रीहरूको प्रयोग रहेको पाउनुभएको छ ?

.................................................................................................................

९ सामाजिक विषयका लागि कुन कुन विधिहरू अपनाउन उचित हुन्छ ?

.................................................................................................................

१० सामाजिक विषयको पाठ्यपुस्तकलाई स्तरीय बनाउन के गर्नु पर्ला ?

.................................................................................................................

# प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

## अनुसूची-३ : शिक्षकका लागि प्रश्नावली

स्नातकोत्तर तहको पाठ्यक्रम विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको शोधपत्रलाई औपचारिकता प्रदान गर्नको लागि तल सोधिएका प्रश्नावलीहरूको उत्तर प्रदान गरिदिनु हुनका लागि सविनम्र अनुरोध गर्दछु । साथै आफुलाई उपयुक्त लाग्ने भनाईको अगाडिका खालि कोठामा रेजा (√) चिन्ह लगाउन समेत अनुरोध गदर्छु ।

१ तपाईले सामाजिक विषयको तालिम, सेमिनार गोष्ठीमा भाग लिने मौका पाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

२.सामाजिक विषय भित्र उल्लेखित विषयवस्तुको अवस्था कस्तो छ ?

.................................................................................................................

३. विद्यार्थीहरूले यो विषयलाई कतिको सहज रूपमा लिएको पाउनुहुन्छ ?

.................................................................................................................

४. विषयवस्तु विद्यार्थीको स्तर अनुसारले भएको पाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

५. विद्यार्थीहरूले यो विषयलाई कतिको सहज रूपमा लिएको पाउनुहुन्छ ?

.................................................................................................................

६. कक्षा शिक्षण गर्दा शिक्षक निर्देशिका र पाठ्यक्रमको प्रयोग गर्नु भएको छ ?

क) छ ☐ ख) छैन ☐

७. सामाजिक विषयका लागि कस्ता खालका शैक्षिक सामाग्रीहरू प्रयोग गर्नु भएको छ ?

.................................................................................................................

८. यस सामाजिक विषयभित्र कुन कुन विषयवस्तु हटाउनु पर्छ र कुन कुन विषयवस्तु राख्दा राम्रो हुन्छ ?

.................................................................................................................

९. सामाजिक विषयको शिक्षण गर्दा कुन कुन विधिहरू अपनाउनु हुन्छ ?

.................................................................................................................

१०. यस विषयलाई प्रभावकारी बनाउन कुन कुन उपायहरू अपनाउनु भएको छ ?

.................................................................................................................

## प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

### अनुसूची -४ : विद्यार्थीका लागि प्रश्नावली

१ तिमीहरूलाई सामाजिक विषय कस्तो लाग्छ ?

..........................................................................................................

२ मन पर्ने पाठहरू के के हुन् ?

..........................................................................................................

३ पढाउँदा सरले शैक्षिक सामाग्रीहरूको प्रयोग गर्नुहुन्छ ?

गर्नु हुन्छ ☐ गर्नु हुन्न ☐

४ सामाजिक विषय कतिको गाह्रो वा सजिलो लाग्छ ?

लाग्छ ☐ लाग्दैन ☐

५ गाह्रो लाग्नुको कारणहरू के के हुन ?

..........................................................................................................

६ तिमीहरूको बार्षिक परीक्षादेखि बाहेक कुन कुन परीक्षा हुन्छ ?

..........................................................................................................

७. तिमीहरूलाई सरले पढाउँदा कसरी पढाउनु हुन्छ ?

सामग्रीको प्रयोग गरेर ☐ सामग्रीको प्रयोग नगरेर ☐

८. तिमीहरूलाई खेल खेल्न मन पर्छ ?

..........................................................................................................

९.तिमीहरूलाई अझैं किताबमा के के भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

..........................................................................................................

# प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

## अनुसूची -५ : सामाजिक अध्ययन विषयको क्षेत्र तथा क्रम तालिका

| क.स | क्षेत्र | कक्षा ५ |
|---|---|---|
| १ | आफू आफ्नो परिवार र छरछिमेक | – छरछिमेकीहरूको काम पेसा<br>– सामुदायिक काममा सहयोग<br>– छिमेकीहरूप्रति गरिने व्यवहार<br>– सहानुभूति |
| २. | हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | – परम्परागत सामाजिक प्रचलनहरूको तुलनात्मक अध्ययन<br>– आफ्नो जिल्लाभित्रका भाषा, धर्म, वेषभूषा, रहनसहन |
| ३ | सामाजिक समस्या र समाधान | – मादक पदार्थ तथा लागु पदार्थ सेवनबाट टाढा रहन र त्यस्ता कुलतबाट बचावट,<br>– समाजमा चोरी डकैति जस्ता घटनाप्रति सजगता<br>– बाध्य संस्कृतिको नकारात्मक प्रभावबाट बचावट<br>– सामाजिक समस्या र विकृति हटाउन सहयोग गर्ने सामाजिक संघसंस्थाहरू<br>– नीति नियमको आवश्यकता र तिनको पालना |
| ४ | नागरिक चेतना | – मौलिक अधिकार मानव अधिकार<br>– कर्तव्य पालना र अधिकारको उपयोग<br>– राष्ट्रिय सम्पदा संरक्षण तथा संबर्द्धनका लागि सञ्चालित मुख्य आयोजनाको नाम र काम<br>– परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना<br>– आफू बसेको जिल्लाको जि.वि.स.को परिचय, संरचना र कार्य<br>– स्थानीय समुदायका परिचित तथा अपरचित महिला, पुरुष, जातजाति धर्मालम्वी आदिमा<br>– द्वन्द्व र यसको मध्यस्थता |
| ५ | हाम्रो पृथ्वी | – हाम्रा देशका प्राकृतिक स्वरूप हावापानी र सामाजिक रहनसहन<br>– नेपालकमो नक्साको सामान्य रूपरेखा र भौगोलिक तथ्यहरूको सङ्केत<br>– ग्लोव र नक्साको प्रयोग<br>– महाद्वीप र महासागरहरूको परिचय<br>– छिमेकी राष्ट्रहरू भुटान, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान माल्दिभ्स र अफगानिस्तानको संक्षिप्त परिचय |
| ६. | हाम्रो विगत | – आफ्नो समुदायमा रहेका ऐतिहासिक व्यक्तित्व र वस्तुहरूको खोज र उचित संरक्षण<br>– नेपालको प्राचीन गोपाल, महिषपाल, किरातकालको सामाजिक तथा आर्थिक गतिविधि<br>– हाम्रा राष्ट्रिय विभूतिहरूको नाम योगदान र सम्मान<br>– राष्ट्र प्रमुख तथा सरकार प्रमुखको परिचय र भूमिका |

| | | |
|---|---|---|
| ७ | हाम्रो आर्थिक गतिविधि | – जिल्लाभित्रका व्यक्तिहरूले गर्ने सबैप्रकारका राम्रो कामको सम्मान र सहयोग<br>– विद्यालयका सामाग्रीहरूको प्रयोगमा मितव्ययिता र सहयोग<br>– स्वदेशमा उत्पादित तथा निर्मित वस्तुहरूको प्रयोग<br>– आफ्ना देशमा सञ्चालित आर्थिक क्रियाकलाप, कृषि, उद्योग, व्यापार, पर्यटन आदिको सामान्य परिचय । |

## प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन

### अनुसूची -६ : उत्तरदाताको नामावली

| क्र.स. | नाम, थर | विद्यालयको नाम | पद |
|---|---|---|---|
| १. | महेन्द्र कायस्थ | धरान स्रोतकेन्द्र | स्रोतव्यक्ति |
| २ | मेघराज भट्टराई | शारदा उ.मा.वि. धरान-१६ | प्र.अ. |
| ३ | लेखनाथ भट्टराई | पब्लिक उ.मा.वि., धरान-१२ | प्र.अ. |
| ४ | शीशाम्बर झा | चन्द्र संस्कृत उ.मा.वि., धरान-१६ | प्र.अ. |
| ५. | अम्बिका सम्बाहाम्फे | शिक्षा सदन उ.मा.वि., धरान-१५ | प्र.अ. |
| ६. | कृष्णा तामाङ्ग | शारदा उ.मा.वि. धरान-१६ | शिक्षक |
| ७ | गुणा पोखेल | पब्लिक उ.मा.वि., धरान-१२ | शिक्षक |
| ८ | सुशीला पौडेल | चन्द्र संस्कृत उ.मा.वि., धरान-१६ | शिक्षक |
| ९ | कुलप्रदीप दाहाल | शिक्षा सदन उ.मा.वि., धरान-१५ | शिक्षक |